# नेपालमा रोभिङ्ग अनमीहरूको परचालन:

## फ्याक्ट परियोजनाका सिकाइहरू तथा मार्गनिर्देशन







USAID
अमेरिकी जनताबाट

FACT
समुदाय रुपान्तरणका
लागि प्रजनन् शिक्षा

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
परिवार स्वास्थ्य महाशाखा
टेकु काठमान्डौ

© 2018, Institute for Reproductive Health, Georgetown University

Recommended Citation:
Deploying Roving Auxiliary Nurse Midwives in Nepal: Guidance and Lessons Learned from the FACT Project. May 2018. Washington, D.C.: Save the Children and the Institute for Reproductive Health, Georgetown University for the U.S. Agency for International Development (USAID).

This guidance manual was prepared by IRH and Save the Children under the Fertility Awareness for Community Transformation (FACT) Project. This manual the FACT Project are made possible by the generous support of the American people through the United States Agency for International Development (USAID) under the terms of the Cooperative Agreement No. AID-OAA-A-13-00083.  The contents are the responsibility of by IRH and Save the Children and do not necessarily reflect the views of Georgetown University, USAID or the United States Government.

यो निर्देशिका समुदाय रुपान्तरणका लागि प्रजनन् शिक्षा (FACT) परियोजनाको लागि प्रजनन् स्वास्थ्य संस्था (IRH) तथा सेभ द चिल्ड्रेनद्वारा तयार पारिएको थियो । यो निर्देशिका तथा फ्याक्ट् परियोजना अमेरिकी जनताहरूले अमेरिकी विकास सहयोग नियोग (USAID) मार्फत सहकारी संझौता नं.AID-OAA-A-13-00083 को सहयोगले सम्भव भएको हो । यसभित्रका विषयवस्तुहरू प्रजनन् स्वास्थ्य संस्था तथा सेभ द चिल्ड्रेनले प्रदान गराएका हुन् र यस निर्देशिकाले जर्जटाउन विश्वविद्यालय, अमेरिकी विकास सहयोग नियोग तथा अमेरिकी सरकारको दृष्टिकोणलाई कतै पनि प्रतिविम्वित गर्दैन ।

**FACT Project**
Institute for Reproductive Health | Georgetown University
4301 Connecticut Avenue, N.W., Suite 310
Washington, DC 20008 USA

irhinfo@georgetown.edu
www.irh.org/projects/FACT_Project

# बिषय सुची

नेपालमा रोभिङ्ग अनमीहरूको परिचालन :........ 1
फ्याक्ट परियोजनाका सिकाइहरू तथा मार्गनिर्देशन ........ 1
सारांश ........ 5
भूमिका........ 5
निर्देशिका प्रयोग गर्ने तरिका........ 6
रोभिङ्ग अनमी ढाँचा........ 7
रोभिङ्ग अनमीहरुमार्फत सेवाको वितरण ........ 9
रोभिङ्ग अनमीहरूको नियुक्ति तथा सञ्चालन ........ 13
रुपान्तरण तथा सिकाइ........ 20
मूल्यांकन परिणामहरू ........ 21
निष्कर्ष तथा सुझावहरू........ 21
अनुसूची : रोभिङ्ग अनमी कार्यान्वयन निर्देशिकाको लागि सन्धर्भ सामाग्रीको सूची........ 23

# सारांश

नेपालमा रोभिङ्ग अनमीहरू घरदैलोमा पुगेर तथा समुदायमा रहेर स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य प्रदायक हुन् । पहुँच हुन कठिन वर्गमा परिवार नियोजन सेवाहरू प्रदान गर्ने अवधारणा बमोजिम अमेरिकी विकास सहयोग नियोगको आर्थिक सहयोग, परिवार नियोजन महाशाखा र जिल्ला जनस्वास्थ्य कार्यालय रुपन्देहीको समन्वयमा संचालीत समुदाय रुपान्तरणका लागि प्रजनन् शिक्षा (फ्याक्ट्) परियोजनाले रुपन्देही जिल्लामा १५ महिनाको लागि रोभिङ्ग अनमीहरूलाई परिचालन गरियो । परियोजनाको प्राथमिक उद्देश्य परिवार नियोजनसम्बन्धी सेवाहरू प्रदान गर्नु भएता पनि रोभिङ्ग अनमीहरूले त्यसबाहेक मातृ तथा नवजात शिशु स्वास्थ्य सेवाहरू विशेषगरी गर्भावस्था, पूर्वप्रसूति र प्रसूतिपश्चातको स्याहार समेत प्रदान गरे ।

पहुँच हुन कठिन वर्ग वा स्वास्थ्य सेवाको पहुँच नभएकाहरूको घरदैलोसम्म परिवार नियोजन तथा गर्भावस्था र प्रशुतिसँग सम्बन्धित सेवाहरू लिएर पुग्नका लागि र समुदायका मानिसहरूलाई स्वास्थ्य प्रणालीमा सेवाको लागी सम्पर्कमा ल्याउन लागि समेत रोभिङ्ग अनमी आधारणको कार्यान्वयन सफल रह्यो । घरदैलो कार्यक्रम र सामुदायिक गतिविधिहरू तथा सामाजिक मूल्यमान्यता तथा प्रजनन् स्वास्थ्यसम्बन्धी छलफलहरूलाई विस्तार गर्नका लागि प्रभाव पार्ने व्यक्तिहरू एवं समुदाय परिचालन जस्ता मिश्रित माध्यमबाट यी कार्यहरू सम्पन्न भए ।

रोभिङ्ग अनमी कार्यक्रमको कार्यान्वयन स्वास्थ्य मन्त्रालयको परिवार नियोजन कार्यक्रम अन्तर्गत विभिन्न गतिविधिहरूको एकीकृत प्याकेजको रुपमा कार्यान्वयन गरिएको थियो जस्मा निश्चित दिन विधि (मालाचत्र) को समायोजन र समुदायमा आधारित प्रगती कार्यक्रम पनि समावेश गरिएको थियो । यसको बिवरण विभिन्न प्रतिवेदनहरूमा उल्लेख गरिएका छ । यस निर्देशिकाले फ्याक्ट् परियोजनाबाट कार्यान्वयन गरिएको रोभिङ्ग अनमी कार्यक्रमको कार्यान्वयन प्रक्रिया, चुनौतीहरू तथा सिकाइहरूप्रति मार्गदर्शन प्रदान गर्ने गरी प्रस्तुती गरिएको छ ।

# भूमिका

विगत १० वर्षमा सेवाको गुणस्तरमा सुधार तथा प्रजनन् स्वास्थ्य सेवाहरूको पहुँचमा बृद्धि गरी परिवार नियोजनको अपरिपूर्त माग तथा मातृमृत्यु दर घटाउनामा नेपाल सरकारले महत्वपूर्ण फड्को मारेको छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ (NDHS 2011) अनुसार हाल स्वास्थ्य संस्थामा प्रसूति हुने दर ५७ प्रतिशत पुगेको छ जुन सन् २००६को प्रतिवेदनमा १८ प्रतिशत मात्र थियो । यसका अतिरिक्त, परिवार नियोजनका आधुनिक साधनहरूको प्रयोग दर पनि सन् १९९६ को २६ प्रतिशतको तुलनामा सन् २०११ मा ४३ प्रतिशत पुगेको छ यद्धपि सन् २००६ देखि उक्त दरमा कुनै परिवर्तन भएको छैन । यस बाहेक, NDHS 2011 को प्रतिवेदन अनुसार केही जातजाती समूहहरूमा परिवार नियोजनका साधनहरूको प्रयोग दर तथा अपरिपूर्त माग अत्यन्तै न्युन रहेको छ ।

नेपालमा प्रजनन् स्वास्थ्य सम्बन्धि उपलब्धिमा समग्र सुधार आएको भएता पनि, विद्यमान स्वास्थ्य प्रणालीले गुणस्तरीय स्वास्थ्य सेवा पहुँच हुन कठिन वर्गहरूमा पुयाउनका लागि विभिन्न चुनौतीहरूको सामना गरिरहेको छ । यस्ता चुनौतीहरूमा भौगोलिक अवरोध (स्वास्थ्य संस्थासम्मको दुरी), दुर्गम क्षेत्र, दक्ष स्वास्थ्य सेवा प्रदायकको अभाव र सामाजिक अवरोधहरू पर्दछन् । यी अवरोधहरू ग्रामिण क्षेत्रमा अझ बडी छ । साथै रोजगारीको लागि देश छोडेर विदेशिने कामदारहरूको प्रतिशत बढ्दै जाँदा एक्लै बस्ने महिलाहरूकोलागि यी अवरोधहरूले अझ जटिल बनाएको छ ।

नेपालमा महिला स्वास्थ्य स्वयंसेविकाहरू समुदायमा एक तालिम प्राप्त स्वास्थ्य स्वयंसेवकको रूपमा मातृ तथा बाल स्वास्थ्य प्रबर्धन, बालरोगहरूको व्यवस्थापन, तथा समुदायमा परिवार नियोजनका अस्थायी साधनहरूको वितरण जस्ता काम गर्दछन् । प्ररम्भीक अवस्थामा महिला स्वास्थ्य स्वयंसेविकाहरू यी परिवार नियोजन तथा प्राथमिक स्याहार सेवाहरू प्रदान गर्न र माग बृद्धि गर्नका लागि सक्षम भएता पनि, सिमित दक्षता तथा उत्प्रेरणा कम भएको हुनाले गर्दा पहुँच हुन कठिने वर्गहरू जस्तै दलित, जनजाती, मधेशी तथा मुसलिम समुदायमा परिवार नियोजनको अपरिपूर्त माग पर्याप्त मात्रामा सम्बोधन गर्न स्वयंसेविकाहरूलाई अप्ठ्यारो बनाएको छ । नेपालको ५ वटा जिल्लामा गरिएको बेसलाईन सर्वेक्षण अनुसार **परिवार नियोजनको साधन प्रयोगकर्ताहरूमध्ये** १७ प्रतिशत महिलाहरुले महिला स्वास्थ्य स्वयंसेविकाहरूबाट उक्त सेवाको अपेक्षा गर्दछन् भने विवाहित महिलाहरूमध्ये २० प्रतिशतले मात्र हाल परिवार नियोजनको कुनै एक साधन प्रयोग गरिरहेका छन् । स्वास्थ्य सेवा को

कमि पहिचान गरी नेपाल सरकारले विशेषगरी पहुँच हुन कठिने वर्गको परिवार नियोजनको साधन प्रयोग सम्बन्धि अवरोधहरूलाई सम्बोधन गर्नका लागि अझ बढी दक्ष स्वास्थ्य सेवा प्रदायकहरूको व्यवस्था गर्न शुरु गरेको छ ।

अमेरिकी विकास सहयोग नियोगको आर्थिक सहयोग तथा जर्जटाउन विश्वविद्यालय, प्रजनन् स्वास्थ्य संस्था एवं सेभ द चिल्ड्रेनद्वारा सञ्चालित पाँच वर्षे (२०१३-२०१८) परियोजना 'समुदाय रुपान्तरणका लागि प्रजनन् शिक्षा (फ्याक्ट्)' को मूल उद्देश्य महिला तथा पुरुषहरूले आफ्नो परिस्थिती र आवश्यक्ता अनुसार जीवनभर उनीहरूको प्रजनन् स्वास्थ्य सम्बन्धि जानकारी र क्षमातालाई लागु गर्न सक्ने  वातावरणको सृजना गर्नु थियो । नेपालमा परिवार नियोजनको सेवाहरूको पहुँच र स्वास्थ्य सेवाका प्रयोगमा  भौगोलिक तथा सामाजिक अवरोधहरूले प्रभावित पार्दछ जसले गर्दा फ्याक्ट् परियोजनाले घरदैलो परिवार नियोजनको सेवाहरू प्रदान गरी पहुँच हुन कठिन वर्गहरूको परिवार नियोजनको अपरिपूर्त मागसम्बोधन गर्नको लागि एउटा अवधारणा परिक्षण गरेको थियो । फ्याक्ट् परियोजनाले परिवार नियोजनका साधनहरूको प्रयोगमा बृद्धि गर्ने उदेश्यले प्रजनन् सचेतनाको अभिबृद्धि तथा प्रजनन् सचेतनामा-आधारित विधिहरूसम्मको पहुँच विस्तार गर्नको लागि यो कार्यक्रम कार्यान्वयनको परिक्षण गरेको थियो । स्वास्थ्य मन्त्रालय अन्तर्गतको परिवार स्वास्थ्य महाशाखा तथा रुपन्देही जिल्ला जनस्वास्थ्य कार्यालयसँगको सहकार्यमा जिल्ला जनस्वास्थ्य कार्यालय रुपन्देही र फ्याक्ट्ले समुदायमा परिवार नियोजनका सेवाहरू घरदैलोमा नै प्रदान गर्नका लागि रोभिङ्ग अनमीहरूको छनौट गरिएको थियो ।

फ्याक्ट् तथा जिल्ला जनस्वास्थ्य कार्यालयले ९ जना रोभिङ्ग अनमीहरूलाई नियुक्त गरी परिचालन गरेको थियो र उनीहरूले रुपन्देही जिल्लाको तत्कालीन ६ वटा गाविश र २ वटा नगरपालीकाहरुको पहुँच हुन कठिन  समुदायमा घरदैलोमा पुगी  सेवा दिनपर्थ्यो । यस किसिमको कार्यक्रमले सेवाबाट बञ्चित समुदायको परिवार नियोजनको अपरिपूर्त मागलाई सम्बोधन गर्ने प्रभावकारी अवधारणा हुन्छ कि भनी परीक्षणस्वरुप १५ महिना सञ्चालन गरिएको थियो ।

फ्याक्ट् परियोजनाले थालनी गरेको रोभिङ्ग अनमीको अवधारणा नेपाल सरकारको नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०१५-२०२० अन्तर्गतको समतामूलक पहुँचको विस्तार, समुदायमा उपलब्ध स्वास्थ्य सेवाहरूको गुणस्तरसम्बन्धी नीतिहरू तथा स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर परेकालाई समेटने राष्टिय रणनीति (RTU 2016-2030)अनुरूप छ । दक्ष रोभिङ्ग अनमीले समुदायमा परिवार नियोजनको पहुँच तथा प्राथमिक स्वास्थ्य सेवामा विस्तार गर्नमा महत्वपूर्ण अवसरहरू प्रदान गर्दछ । यी रोभिङ्ग अनमीहरूले सर्वव्यापी स्वास्थ्य पहुँमा कसरी योगदान पुऱ्याउँछन् भन्ने बुझाइले निरन्तर रुपमा महत्वपूर्ण नीतिगत जानकारीहरू दिने छन् ।

## निर्देशिका प्रयोग गर्ने तरिका

यो निर्देशिकाले रोभिङ्ग   अनमीहरूले समुदायमा प्रदान गरेको र सेवाहरू तथा फ्याक्ट्ले रोभिङ्ग अनमी कार्यान्वयनमा अवलम्बन गरेको प्रक्रियाको बारेमा व्याख्या गर्दछ । यस निर्देशिकामा फ्याक्ट् परियोजनाबाट प्राप्त अनुभवहरूको अभिलेख राखिएको छ जसले नेपालमा रोभिङ्ग   अनमीमार्फत घरदैलोमा सेवाहरू प्रदान गर्न चाहने कार्यक्रम निमार्णकर्ताहरू तथा कार्यान्वयनकर्ताहरूलाई प्रसस्त जानकारीहरू प्रदान गर्दछ ।

विशेषगरी, यो निर्देशिकाले रोभिङ्ग   अनमीहरूले घरदैलो र समुदाय दुवै तहमा प्रवाह गर्ने सेवाहरूको प्याकेजबारे व्याख्या गर्दछ । यस निर्देशिकाले यी गतिविधिहरू कार्यान्वयनका चरणहरू जस्तै : नियुक्ति, तालीम, सामुदायको मूल्यांकन, तथा स्वास्थ्य संस्थाहरूसँग सम्बन्ध स्थापित गर्न समेतको व्याख्या गर्दछ । अन्त्यमा, थप अभिमुखीकरण तथा कार्यान्वयन सामग्रीहरू यसको अनुसूचीको सन्दर्भ सामग्रीको उपलब्ध गराइएको छ ।

# रोभिङ्ग अनमी ढाँचा

रोभिङ्ग अनमीको ढाँचा समुदाय नर्सिङ (Community Nursing) अवधारणा अनुरुप छ, जहाँ नर्सहरूले व्यक्तिगत एवं समुदाय स्तरमास्वास्थ्य आवश्यकताहरूको पहिचान र सम्बोधन समेत गर्दछन् । प्रत्येक रोभिङ्ग अनमीलेसमुदायको स्वस्थ्य सेवा सम्बन्धि आवश्यक्तहरु पहिचान गर्न प्रारम्भिक घरदैलो सेवा आवश्यकता पहिचान कार्य सम्पन्न गरे । उक्त कार्यले तत्काल स्वास्थ्य प्रणाली मार्फत प्रदान गरिने स्वास्थ्य सेवाहरूको पहुँच नभएका घरधुरीहरूको पहिचान गर्नमा सहयोग पुऱ्याउनुका साथै प्रत्येक रोभिङ्ग अनमीहरूलाई उनीहरूको समुदायमा परिचित गराउन समेत मद्दत गऱ्यो । यस्को साथै विश्वासको वातावरण सृजना गरी समुदायको स्वास्थ्य आवश्यकता पूरा भएको सुनिश्चितताका लागि समुदायका अगुवा तथा प्रतिनिधिहरुको संलग्नता समेत गरायो । रोभिङ्ग अनमीहरूले आफैले प्रदान गर्नसक्ने सेवाहरू तथा स्वास्थ्य संस्थामा प्रेषण गर्ने कार्यसहित उनीहरूलाई सेवाग्राहीहरूको आवश्यकताहरूको प्राथमिकीकरण तथा अनुगमन गर्नका लागि घरधुरी आवश्यकता पहिचान कार्य अति महत्वपूर्ण थियो ।

टेबल १ मा देखाइए जस्तै, हरेक घरमा विभिन्न किसिमका व्यक्तिगत सेवाहरू प्रदान गर्दै जाँदा रोभिङ्ग अनमीहरू सेवाको पहुँच हुन कठिन वर्गको घरदैलोमा नियमित स्वास्थ्य सेवाहरूको पहुँच विस्तार गर्न सफल भए । यसबाहेक, आवश्यकता अनुसार स्वास्थ्य संस्थामा प्रेषण गरी ती समुदायका मानिसहरूलाई स्वास्थ्य प्रणालीमा समेत आवद्ध गरे । रोभिङ्ग अनमीहरूले दम्पती लगायत अवश्यक्ता अनुसार ठुलो परिवारका सदस्यहरूलाई  छलफल तथा परामर्श हरूमासमेत संलग्न गराउन सफल भए । विशेषगरी पहुँच हुन कठिन वर्गका महिलाहरूमा सेवाको पहुँच तथा प्रयोगमा बाधा पुऱ्याउने सामाजिक तथा लैङ्गिक अवरोधहरूलाई सम्बोधन गर्न पनि यि गतिविधिहरुले सहयोग पुऱ्यायो ।

घरघरमा सेवाहरू प्रदान गर्नाले रोभिङ्ग अनमीहरूले मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवाहरू प्रदान गर्ने अवसर समेत प्राप्त गरे जसलाई पहुँच नभएका घरधुरीहरूमा  परिवार नियोजनसम्बन्धी बिस्तृत सेवाहरू प्रदान गर्ने मुख्य प्रवेशद्वारको रुपमा लिन सकिन्छ । मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य आवश्यकताहरू सम्बोधन गर्नाले संवेदनशील मानिएको परिवार नियोजन तथा प्रजनन् स्वास्थ्य सेवाहरूको आवश्यकता सम्बोधन गर्नकोलगी समेतरोभिङ्ग अनमीहरूलाई विश्वासको वातावरण बन्नमा समेत सहयोग पुग्यो । रोभिङ्ग अनमीहरूले समुदायमा व्यवहार परिवर्तनको लागि सबल वातावरण सिर्जना गर्न स्थानीय समुदायका विभिन्न समूहहरू, सरोकारवालाहरू तथा प्रभाव पार्ने व्यक्तिहरूसँग असल सम्बन्ध स्थापित गरी आफ्नो पहुँच विस्तार गर्न तथा प्रभाव पार्न सफल भए ।

**रोभिङ्ग अनमी**



**स्वास्थ्य संस्था** ← → **समुदाय**

✓ **स्वास्थ्य संस्थामा प्रेषण**

✓ **स्वास्थ्य संस्थाबाट सेवा लिएका सेवाग्रहिहरुको आवश्यक्ता अनुसार अनुगमन**

✓ **घरदैलो भेट गर्ने**

✓ **समुदायको संलग्नता तथा सहभागी गराउने**

**व्यक्तिगत तथा घरधुरी भेट**

- सेवाको पहुँच भन्दा बाहिर रहेका तथा र पहुँच हुन कठिन वर्गको घरधुरी पहिचान गर्ने
- परिवार नियोजन, मातृ, नवजात शिशु तथा बाल स्वास्थ्यसम्बन्धि सेवाहरू प्रदान गर्ने
- प्रजनन् स्वास्थ्यका बारेमा श्रीमानहरू र परिवारका सदस्यहरुमा सहितलाई परामर्श
- सेवाग्राहीलाई आवश्यक्ता अनुसार स्वास्थ्य संस्थामा प्रेषण गर्ने

**समुदायको संलग्नता**

- सकारात्मक मातृ तथा प्रजनन् स्वास्थ्य व्यवहार पवर्धन गर्न सामुदायिक समूहहरू र प्रभाव पार्ने व्यक्तिहरू संलग्न तथा सहकार्य गराउपने
- प्रजनन् स्वास्थ्य व्यवहार प्रभावित पार्ने सामाजिक र लैङ्गिक मूल्यमान्यताहरूको प्रतिविम्बमा समुदायको संलग्नताको लागि सामुहिक क्रियाकलापहरू गर्ने
- महिला स्वास्थ्य स्वयंसेविकाहरूको स्वास्थ्य गतिविधिहरूमा सहयोग गर्ने ।

# रोभिङ्ग अनमीहरुमार्फत सेवाको वितरण

रोभिङ्ग अनमीहरूले विभिन्न सेवाहरू एकै समयमा नै प्रदान गर्दछन् जसमा घरदैलोमा प्रदान गर्न व्यक्तिगत तथा पारिवारिक सेवाहरू समावेश गरिनुको अतिरिक्त उनले काम गर्ने समुदायीक व्यवहार परिवर्तन गर्ने सहभागितामुलक कृयाकलापहरु पनि पर्दछन् ।

**टेबल १ : रोभिङ्ग अनमीको घरदैलो तथा समुदायस्तरका कृयाकलापहरू**

| व्यक्तिगत/घरदैलो सेवाहरू | सामुदायिक गतिविधिहरू |
|---|---|
| • परिवार नियोजन (प.नि) परामर्श, प्रेषण र प.नि. साधनहरूको वितरण (कण्डम, खाने चक्की, सूई, निश्चित दिन विधि र स्तनपान विधि)<br>• पूर्वप्रसूति परामर्श, सुत्करी तथा नवजात शिशु स्याहार<br>• बाल पोषणको लेखाजोखा तथा परामर्श<br>• प्राथमिक उपचार र प्रेषण<br>• आवश्यकता बमोजिम थप उपचारका लागि स्वास्थ्य संस्थामा प्रेषण<br><br>(सम्भव भएसम्म सबै प्रकारका परामर्शमा दम्पतीहरू तथा परिवारका सदस्यहरू समावेश गर्नुपर्छ) | • महिला स्वास्थ्य स्वयंसेविकाहरूसँग मिलेर काम गर्ने तथा उनीहरूलाई सहयोग गर्ने<br>• प्रगती खेलहरूसहित औपचारिक तथा अनौपचारिक समूहहरूसम्म पुग्ने, विशेषत: पुरुष एवं युवाहरूलाई लक्षित गरी स्वास्थ्य प्रवर्धनबारे बैचारीक छलफल गर्ने<br>• रोभिङ्ग अनमीहरूको गतिविधि वा क्रियाकलापहरूको सहजताकाका लागि प्रभाव पार्ने व्यक्तिहरूसंग संलग्न तथा सहकार्य गर्ने । |

### घरदैलो सेवाहरू

रोभिङ्ग अनमीहरूले प्रवाह गर्ने सेवाहरूको एउटा अंशको रुपमा रोभिङ्ग अनमी कार्यान्वयनको प्रारम्भमा घरदैलो मै परिवार नियोजनका सेवाहरूलाई प्राथमिकतामा राखियो जसमा परिवार नियोजनको सन्तुलित परामर्श तथा परिवार नियोजनका साधनहरू (कण्डम, खाने चक्की, सूई, निश्चित दिन विधि, स्तनपान विधि) को प्रावधान समेत समावेश गरिएको थियो । रोभिङ्ग अनमीहरूले प्रजनन्, महिनावारी, र मातृ, नवजात शिशु तथा बाल स्वास्थ्यसम्बन्धी जानकारीहरू प्रदान गरेका छन । रोभिङ्ग अनमीहरूले परिवार नियोजनका सेवाहरू प्रदान गर्न घरदैलो कार्यक्रम शुरु गरेपछि, ती परिवारहरूले अन्य सेवाहरूको पनि माग गर्न थाले जसमा विशेषत : विमारी बच्चाहरूको उपचार एवं प्राथमिक उपचार पर्दथ्यो । समुदायका मानिसहरूले दक्ष सेवाप्रदायक समुदायमा हुँदाको फाइदाहरूको महसुस गरे साथै घरआँगन मै स्वास्थ्य सेवाको उपलब्धताको प्रशंसा पनि गरे ।

📖 मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा प्रदायकहरुको लागि निर्देशन सहित रोभिङ्ग अनमीहरुले प्रयोग गर्ने अतिरिक्त स्रोत सामग्रीहरु यसको अनुसूचीको सन्दर्भ सामग्रीको सूचीमा राखिएको छ । तथा अन्तर्व्यक्ति सञ्चारको गतिविधिमा प्रयोग गर्नको लागि तस्बीर कोडहरु पनि राखिएका छन् ।

पहुँच हुन कठिन वर्गका घरधुरीमा सबै प्रकारका स्वास्थ्य सेवाको आपरिपूर्ती माग उच्च देखिएपछि, परिवार स्वास्थ्य महाशाखा र जिल्ला जनस्वास्थ्य कार्यालय रुपन्देहीसँग सहकार्य गर्दै फ्याक्ट् परियोजनाले रोभिङ्ग अनमीको सेवा वितरण प्याकेज विस्तार गरी त्यसमा मातृ, नवजात शिशु तथा बाल स्वास्थ्यसम्बन्धी सेवाहरू पनि थपीयो । सबै मामिलामा, स्वास्थ्य सेवा र उपचारका लागि स्वास्थ्य संस्थामा प्रेषण गर्ने कार्यलाई जोड दिइयो साथै, प्रसूतिका लागि स्वास्थ्य संस्थामा प्रेषण गर्ने कार्यलाई विशेष महत्वका साथ जोड दिइयो । हरेक सेवाको विस्तृत विवरण टेबल २ मा दिइएको छ ।

**टेबल २ : रोभिङ्ग अनमीको सेवा वितरण प्याकेज**

| | |
|---|---|
| परिवार नियोजन | ▪ सन्तुलित परामर्शको प्रयोग गर्दै परिवार नियोजनका साधनहरु खाने चक्की, कण्डम, निश्चित दिन विधि, तीन महिने सूई तथा स्तनपान विधिका बारेमा परामर्श तथा वितरण।<br>▪ स्वास्थ्य संस्थासँगको समझदारी अनुसार आपुर्ति व्यवस्थापन तथा फोहोर व्यवस्थापन बिशेष गरी तिन महिन सुईबाट भएका फोहर ।<br>▪ सम्भव भएसम्म श्रीमान तथा अन्य नातेदार, सासु ससुराहरूलाई सहभागि गराई छलफल तथा परामर्श गर्ने ।<br>▪ परिवार नियोजनको स्थायी विधि एवं दीर्घकालिन साधन, तथा साधारण असरहरु व्यवस्थापनको लागि आवश्यक्ता अनुसार स्वास्थ्य संस्थामा प्रेषण ।<br>▪ साधनको प्रयोग गर्न छोडेकाहरूको फलोअप । |
| पूर्वप्रसूति स्याहार | ▪ गर्भवती महिलाको घरमा कम्तीमा दुई पटक पुग्ने (घरदैलो गर्ने), सम्भव भएसम्म उनको श्रीमान र परिवारका अन्य सदस्यहरूको उपस्थितिमा निम्न विषयवस्तुमा परामर्श तथा शिक्षा प्रदान गर्ने :<br>○ गर्भावस्थामा के अपेक्षा गर्ने, स्वस्थ व्यवहारहरू, तथा गर्भावस्था र सुत्केरी अवस्थाकमा देखिने खतराका लक्षण वा संकेतहरूका बारेमा आवश्यक सुचना ।<br>○ मातृ पोषण (गर्भावस्था र सुत्केरी अवस्थामा)<br>○ बच्चा जन्मनु पुर्व तयारी ।<br>○ स्तनपान तथा नवजात शिशुको आवश्यक स्याहारको महत्व<br>○ परिवार नियोजन<br>▪ शारीरिक परीक्षण : यदि गर्भवती महिलाले अनुरोध गरेमा रक्तचाप मापन, भ्रुणको मुटुको चाल, खतराका लक्षण वा संकेतहरूको जाँच ।<br>▪ खतराको संकेत तथा जटिलता भएमा, गर्भावस्थाको जाँच र प्रसूतिका लागि स्वास्थ्य संस्थामा प्रेषण ।<br>▪ सामाजिक तथा लैङ्गिक मूल्यमान्यताहरूले गर्भावस्था तथा नवजात शिशुको स्याहार तथा जन्मको परिणाममा कसरी प्रभाव पार्नसक्छ भन्ने विषयमा छलफल । |
| प्रसूतिपश्चातको तथा नवजात शिशु स्याहार | ▪ घरदैलो दोस्रो र तेस्रो प्रसूतिपश्चातका जाँचको गर्ने र आमा र शिशुको शारीरिक जाँच गर्ने साथै शिशुको बुवालाई समेत सँगै राखी सुत्केरी पश्चातका खतराका लक्षनहरू बारेमा परामर्श गर्ने ।<br>▪ सुत्केरी अवस्थामा परिवार नियोजनका साधनहरूको प्रवर्धन ।<br>▪ नवजात शिशुको आवश्यक स्याहार साथै स्तनपानको बारेमा परामर्श प्रदान गर्ने ।<br>▪ सुत्केरी अवस्थामा देखिने खतराका लक्षण वा संकेतहरूको पहिचान, नवजात शिशु वा सुत्केरी आमामा खतराका लक्षन देखा परेमा तुरुन्त प्रेषण गर्ने । |
| पोषण परामर्श | ▪ पाँचवर्ष मुनिका बालबालिकाहरूको मध्यपाखुराको घेरा (MUAC) मापन गर्ने ।<br>▪ पोषण शिक्षा प्रदान गर्ने ।<br>▪ आवश्यकता अनुसार अतिरिक्त फलोअपका लागि स्वास्थ्य संस्थामा प्रेषण गर्ने । |

| | | |
|---|---|
| प्राथमिक उपचार /विमारी परामर्श | ▪ शीघ्र प्राथमिक उपचार वा विमारीको सम्बन्धमा पहिलो सम्पर्क व्यक्तिको रुपमा काम गर्ने । <br> ▪ स्वास्थ्य लेखाजोखा वा जाँच गर्ने र आवश्यकतानुसार स्वास्थ्य संस्थामा प्रेषण गर्ने । |

## सामुदास्तरका क्रियाकलापहरु

प्रजनन् स्वास्थ्यमा समुदायको सहभागिता (पुरुष संलग्नतासहित) ले रोभिङ्ग अनमी र व्यक्तिहरूबीचको प्रत्यक्ष सम्पर्कभन्दा बाहिर गई त्यसको प्रचारप्रसारद्वारा प्रजनन् स्वास्थ्य सम्बन्धि व्यवहारमा सकरात्मक परिवर्तन ल्याउँन सक्छ । त्यसैगरी, समुदायमा सार्वजनिक छलफलको माध्यमबाट सामाजिक तथा लैङ्गिक मूल्यमान्यताहरूमा परिवर्तन ल्याएर पनि प्रजनन् स्वास्थ्य सम्बन्धि व्यवहारमा परिवर्तन ल्याउँन सकिन्छ । रोभिङ्ग अनमीहरूले व्यापक सामुदायिक सहभागिता तथा उनीहरूले काम गर्ने समुदायमा व्यापक प्रचारप्रसारका लागि चारवटा मुख्य रणनीतिहरू अवलम्बन गरिएको थियो ।

- **महिला स्वास्थ्य स्वयंसेविकाहरूसँग सहकार्य :** प्रत्येक गाविसमा, महिला स्वास्थ्य स्वयंसेविकाहरू र रोभिङ्ग अनमीहरूले सेवाको माग बृद्धि गर्न तथा समुदायका मानिसहरूको तत्कालको स्वास्थ्य आवश्यकताहरू पूरा गर्नका लागि उनीहरूले काम गर्ने समुदायमा एउटा स्वास्थ्य समुह गठन गरे । समुदायमा महिला स्वास्थ्य स्वयंसेविकाहरूले रोभिङ्ग अनमीहरूको परिचय गराउन, प्राथमिकतामा परेका घरधुरीहरू पहिचान गर्न र स्वास्थ आमा समूहको बैठकद्वारा सामूहिक स्वास्थ्य शिक्षाका सत्रहरू सञ्चालन गर्न, स्वास्थ्य प्रवर्धनात्मक गतिविधिहरू सञ्चालन गर्न तथा सेवाग्राहीहरूलाई रोभिङ्ग अनमीसम्म प्रेषण गर्ने कार्य गरी उनीहरूलाई सहयोग गरे । त्यसको साटोमा रोभिङ्ग अनमीहरूले स्वास्थ्यसम्बन्धी प्राविधिक सहयोग प्रदान गर्न र महिला स्वास्थ्य स्वयंसेविकाहरूको कार्यप्रतिको विश्वसनियता कायम राख्न सहयोग गरे ।

- **गाउँघर क्लिनिकहरूमा स्वास्थ्य शिक्षा सत्रहरू सञ्चालन :** नियमित गाउँघर क्लिनिक सेवा स्वरुप, स्थानीय स्वास्थ्यकर्मीहरूले प्राथमिक स्वास्थ्य उपचार-गाउँघर क्लिनिक तथा खोप क्लिनिकहरू सञ्चालन गर्दछन् । यस्ता गाउँघर क्लिनिकहरूले रोभिङ्ग अनमीलाई स्वास्थ्य शिक्षा प्रदान गर्ने तथा प्रगती खेलहरू सञ्चालन गर्ने अवसर प्रदान र्दथ्यो । फलस्वरुप, समुदायमा स्वास्थ्य गतिविधिहरूको पारदर्शिता तथा समन्वयमा बृद्धि हुनगयो । यस्ता समन्वयका सफलताहरू उक्त स्थानको स्वास्थ्य संस्था व्यवस्थापन समिति र स्वास्थ्यकर्मीहरू तथा रोभिङ्गअनमीहरूबीचको सक्रिय एवं पारस्परिक साझेदारीमा निर्भर रहन्थ्यो ।

- **औपचारिक एवं अनौपचारिक सामूहिक शिक्षाका सत्रहरूको आयोजना :** महिला स्वास्थ्य स्वयंसेविकाहरूले र स्वस्थ आमा समूहको बैठकहरूको माध्यमबाट स्वास्थ्यका गतिविधिहरू सञ्चालन तथा स्वास्थ्य शिक्षा सञ्चालन गर्दछन् । यहि समयमा, रोभिङ्ग अनमीहरू चाहिँ त्यसलाई स्वास्थ्य शिक्षा प्रदान गर्ने अवसरको रुपमा लिएका थिए । किनभने ती स्थानहरूमा मानिसहरू खेल खेल्नका लागि भेला हुन्थे र त्यहाँ मातृ तथा प्रजनन् स्वास्थ्यको बारेमा गरिने छलफलहरुलाई रोभिङ्गअनमीहरूले हौसला तथा सहयोग प्रदान गर्न सक्दथे । यस प्रकारको गतिविधिले रोभिङ्ग अनमीहरूलाई सामुदायिक समूहहरूमा सहभागी भएका पुरुष एवं युवाहरूसम्म पुग्न सहज भयो ।

> पुरुषको सहभागिता तथा प्रभाव पार्ने व्यक्तिहरुको संलग्नता सम्बन्धी निर्देशिकासहित अतिरिक्त स्रोतसामग्रीहरु यसको अनुसूचीको सन्दर्भ सामग्रीको सूचीमा राखिएको छ ।

- **समुदायमा प्रभाव पार्ने व्यक्तिहरूको संलग्नता :** समुदायमा रहेका प्रभाव पार्ने व्यक्तिहरूलाई पहिचान गरी उनीहरूलाई सामुदायिक गतिविधिमा संलग्न गराउन सकियो भने तिनीहरूले पहुँच हुन कठिन वर्गका घरदैलोसम्म पुग्नका लागि सहजिकरण गर्न सक्छन्, तथा एउटा उदाहरणीय व्यक्तिको रुपमा उनीहरूको सामाजिक प्रभावद्वारा इच्छाइएको धारणा

एवं व्यवहारहरू प्रवर्धन गर्न तथा परिवर्तनका लागि अभिप्रेरित गर्न पनि सक्दछन् । त्यसैले समुदायमा उनीहरूको घुलमिल सहज बनाउनका साथै सामुदायिक गतिविधिमा उनीहरूको समर्थन र सहयोग प्राप्त गर्न रोभिङ्ग अनमीहरूलाई उनीहरूको गतिविधिमा समाजमा प्रभाव पार्ने व्यक्तिहरूलाई समावेश गर्नका लागि अभिप्रेरित गरियो । भिन्न दक्षता भएका रोभिङ्ग अनमीहरू तथा भिन्न परिवेशमा यो नीतिलाई एकरुपताकासाथ कार्यान्वयन गर्नु गाह्रो थियो तर यो कार्य पनि सम्भव भयो जब रोभिङ्गअनमीहरूलाई समुदायले विश्वास गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरू तथा स्वास्थ्यकर्मीहरूले सहयोग प्रदान गरे ।

**प्रगती तथा** रोभिङ्ग**अनमीहरू**

यो रोभिङ्ग अनमी कार्यक्रम रुपन्देही जिल्लामा छनौट गरिएका ६ वटा (पहिलेको) गाविसहरूमा कार्यान्वयन गरिएको थियो । ती ६वटा गाविसहरूमा फ्याक्ट् परियोजना अन्तर्गत प्रजनन् सचेतना तथा परिवार नियोजन कार्यक्रम '**प्रगती**' एकसाथ सञ्चालन गरियो । प्रजनन् सचेतना सुदृढिकरण गर्न, तथा परिवार नियोजनको गलत धारणा एवं साधारण असरहरूसम्बन्धी सूचनाको कमिलाई सम्बोधन गर्न, र परिवार नियोजन सम्बन्धि व्यवहारमा प्रभाव पार्ने सामाजिक एवं लैङ्गिक मूल्यमान्यताहरूको बारेमा छलफल अघि बढाउन समेत प्रगती कार्यक्रममा सामुदाय स्तरीय खेलहरूको कार्यान्वयन पनि समावेश गरिएको थियो । युवा, पुरुष एवं महिलाहरूको सहभागिताको लागि अभिप्रेरित गर्दै अन्तर्क्रियात्मक सिकाइ तथा प्रतिबिम्वत चिन्तनशीलताका लागि प्रगती खेलहरूले एउटा साभ्का मञ्च प्रदान गर्दछ । धेरैजसो रोभिङ्ग अनमीहरूले परिवार नियोजनका साधनहरूको प्रवर्धन गर्न, समुदायका मानिसहरूलाई सहभागी गर्न, आत्मियता बढाउन, र समुदायमा स्वास्थ्यसम्बन्धी जानकारीहरू प्रदान गर्न प्रगती खेलहरूको कार्यान्वयन गरेका थिए । फ्याक्ट् परियोजनामा रोभिङ्ग अनमीहरूको लागि खेलहरू एउटा महत्वपूर्ण सामग्री भएता पनि भविष्यमा कार्यान्वयन गरिने रोभिङ्ग अनमी कार्यक्रममा प्रदान गरिने सेवाहरूमा यी खेलहरू त्यति महत्वका वा अभिन्न अंग हुने छैनन् र यो कार्यक्रम संचालकहरुको निर्णयमा भर पर्ने छ ।

प्रगती कार्यक्रम सम्बन्धी विस्तृत जानकारीहरू तल उल्लेखित लिंकबाट पनि प्राप्त गर्न सकिन्छ :

**irh.org/pragati-fertility-awareness-games**

# रोभिङ्ग अनमीहरूको नियुक्ति तथा सञ्चालन

यस भागमा रोभिङ्गअनमी कार्यक्रम कार्यान्वयनका महत्वपूर्ण तत्वहरू समावेश गरिएका छन् । यसले गतिविधिहरूलाई कसरी रोभिङ्ग अनमीहरूको कार्यगत आवश्यकता अनुकुल मिलाएर राखिएको छ भनी व्याख्या गर्दछ :

- नियुक्ति तथा तालीम
- सामुदायिक पहिचान
- विस्तारित सेवाहरू
- समुदायका सरोकारवालाहरूसँगको सम्बन्ध
- स्वास्थ्य संस्थाहरूसँगको सम्बन्ध तथा प्रतिवेदन प्रेषण

## नियुक्ति तथा तालीम

नियुक्ति प्रकृयाभन्दा अघि, रोभिङ्ग अनमीहरूको कार्य विवरणमा सहमति जनाउन, अपेक्षित कार्य विवरण उपसमितिसमक्ष पेश गरियो, तथा फ्याक्ट्को कोषबाट जिल्ला जनस्वास्थ्यका लागि रोभिङ्ग अनमीहरूको नियुक्तिका लागि कोष संयन्त्र निमार्ण गर्न परिवार स्वास्थ्य महाशाखा तथा जिल्ला जनस्वास्थ्य कार्यालयले फ्याक्ट्सँग मिलेर काम गरे । यसको विस्तृत विवरण सर्वपक्षीय समझदारी पत्र (MOU) मा उल्लेख गरिएको छ ।

कार्य विवरण, अभिमुखीकरण र तालीम सामग्रीहरू, तथा परामर्श सामग्रीसहित अतिरिक्त स्रोतसामग्रीहरू यसको अनुसूचीको सन्दर्भ सामग्रीको सूचीमा राखिएको छ ।

समझदारी पत्रमा उल्लेख गरेअनुसार, जिल्ला जनस्वास्थ्य कार्यालयमार्फत रोभिङ्गअनमीहरूको नियुक्ति गरियो र उक्त कार्य रोभिङ्ग अनमीहरूलाई स्वास्थ्य प्रणालीमा आवद्ध गर्ने एउटा महत्वपूर्ण थालनी थियो । ती रोभिङ्ग अनमीहरूको सुपरिवेक्षक चाहिँ सम्बन्धित स्थानको स्वास्थ्य संस्थाका प्रमुखहरू थिए । उक्त पदका लागि बजेटको व्यवस्था गर्नुको अतिरिक्त, फ्याक्ट् परियोजनाले रोभिङ्ग अनमीहरूको भूमिका, जिम्मेवारी तथा गतिविधिहरूको पहिचान गर्न प्राविधिक सहयोग प्रदान गर्नुका साथै आवश्यक क्षमता अभिबृद्धि समेत गर्‍यो । यसको विपरित, न त स्थानीय स्वास्थ्य संस्थाले रोभिङ्ग अनमीहरूको स्वामित्व लिन सक्यो न त ती अनमीहरूले नै आफुलाई जिल्ला जनस्वास्थ्य अन्तर्गतको वा सेभ द चिल्ड्रेनको संस्था अन्तर्गत नै भएको महशुस गर्न सके । केही स्वास्थ्य संस्थाहरूको सोच के रह्यो भने रोभिङ्गअनमीहरूलाई स्वास्थ्य संस्थामै बसेर सेवाहरू प्रदान गर्नको लागि सहयोग गर्ने भन्ने जुन उनीहरूको कार्यविवरण भित्र पर्दैन थियो । यस्तो कार्य गर्नका लागि रोभिङ्गअनमीहरूलाई गाह्रो भएको थियो किन कि स्वास्थ्य संस्थाले नै उनीहरूको तलब दिने र सुपरिवेक्षण गर्दथ्यो । आगामी कार्यान्वयनहरूमा, जिल्ला जनस्वास्थ्य कार्यालय तथा स्थानीय तहको बढी संलग्नता, साथै सिधै बजेट प्रवाह गरियो भने त्यस्ता द्विविधाहरू समाधान हुनसक्छन् ।

शुरुवातीदेखि नै, परियोजना लागु भएका स्थानहरूमा पहुँच हुन कठिन वर्गका घरधुरीसम्म घरदैलो परिवार नियोजनका सेवाहरू प्रवाह गर्नका लागि परियोजनाले तालीम प्राप्त अनमीहरू नियुक्त गर्न चाहन्थ्यो । यसैकारणले स्थानीय क्षेत्रकै उमेदवारहरू तथा स्थानीय भाषा बोल्न जान्ने व्यक्तिहरूलाई प्राथमिकता दिइएको थियो । नियुक्त भएका रोभिङ्ग अनमीहरू पनि उनीहरूले काम गर्ने समुदायमा नै बस्ने अपेक्षागरिएको थियो । यी कार्यहरू चुनौतीपूर्ण हुन गए, तथा स्थानीय अनमीहरू नपाइएका समुदायहरूमा अपवाद बन्न पुगे । यस्तो अवस्थामा नजिकै अर्को क्षेत्र तथा गाविसमा बस्ने अनमीहरूलाई प्राथमिकता दिइयो तर कोही रोभिङ्ग अनमी आफ्नो कार्यक्षेत्रभन्दा बाहिर बस्नुपर्ने भएकोले उक्त कार्यक्षेत्र भित्रको समुदायमा आउँन जानका लागि उनी आफै जिम्मेवार हुनु पर्ने भनियो । पछिल्लो समयमा परियोजनाले नै रोभिङ्गअनमीहरूलाई उनीहरू सजिलै आफ्नो कार्यक्षेत्र पुगेर विभिन्न गतिविधिहरू सञ्चालन गर्न सकून् भन्ने उद्देश्यले साइकल उपलब्ध गरायो ।

फ्याक्ट् परियोजनाले परम्परागत संरचना भन्दा बाहिर बसेर बढी स्वतन्त्र तरिकाले अझ विस्तारित रुपमा काम गर्न रोभिङ्ग अनमीहरूको क्षमता अभिबृद्धिमा बढी जोड दिएको थियो । यो कार्य सम्पन्न गर्नको लागि तालीम तथा सहयोगात्मक सुपरिवेक्षणमा महत्वपूर्ण स्रोतसाधनहरूको आवश्यकता पर्न गयो । अन्य इच्छुक कार्यान्वयनकर्ताहरूले वा परियोजनाले आफ्नो आवश्यकता बमोजिम उपलब्ध तालीम सामग्रीहरूबाट परिमार्जन गरि काम चलाउने सक्ने छन् ।

रोभिङ्ग अनमीहरूलाई प्रदान गरिने तालीम तथा अभिमुखीकरणमा निम्न विषयवस्तु समावेश छन् :

- **राष्ट्रिय परिवार नियोजन सेवा कार्यक्रमको लागि कम्प्रीहेन्सिभ परिवार नियोजन (कोफ) तथा परामर्श तालीम** : स्वास्थ्य मन्त्रालय अन्तर्गतका सेवा प्रदायकहरूका लागि यो कम्प्रीहेन्सिभ परिवार नियोजन तथा परामर्श तालीम राष्ट्रिय स्तरको परिवार नियोजन तालीम पाठ्यक्रम हो । यो आठ दिने क्षमतामा-आधारित तालीम हो जसले परामर्श, स्वास्थ्य मन्त्रालयको परिवार नियोजन कार्यक्रममा परिवार नियोजनका साधनहरूको सुसूचित छनौट, तथा गुणस्तरीय परिवार नियोजन सेवाहरूको प्रावधानमा जोड दिन्छ । यस कम्प्रीहेन्सिभ परिवार नियोजन तथा परामर्शमा तालीममो निश्चित दिन विधि माला चक्रलाई पनिसमावेश गरिएको छ ।

- **रोभिङ्ग अनमीको भूमिका तथा जिम्मेवारीसम्बन्धी दुई दिने अभिमुखीकरण** : सामाजिक तथा लैङ्गिक मूल्य मान्यताहरूले विशेषतः पहुँच हुन कठिन वर्गका लक्षित समूहहरूमा प्रजनन् स्वास्थ्य व्यवहार तथा परिवार नियोजनको उपयोगमा प्रभाव पारेको पाइन्छ । त्यसैले रोभिङ्गअनमीहरूले प्रगती खेलहरूलाई पनि उनीहरूको सामुदायिक गतिविधिको एउटा महत्वपूर्ण अंग मानेर प्रयोग गर्नु जरुरी हुन्छ । यस अभिमुखीकरणमा प्रगती खेल सिकाउनुको अतिरिक्त, जिल्ला जनस्वास्थ्य कार्यालयको परिवार नियोजन कार्यक्रम स्वास्थ्य प्रणालीसँग समन्वय गर्ने तरिका, प्रजनन् स्वास्थ्यमा सुधार गर्न समुदायलाई परिचालन तथा संलग्न गराउने तरिका, तथा विवरणहरूको प्रतिवेदन बुझाउने आदि विषयवस्तुहरू छन् । साथै यस अभिमुखीकरणमा रोभिङ्ग अनमीहरूको भूमिका तथा जिम्मेवारी समेटिएको छ । रोभिङ्ग अनमीहरूले घरदैलोमा तीन महिने सूई (डिपो प्रोभेरा) पनि प्रदान गर्ने भएकोले, परिवार नियोजनको सामग्रीको व्यवस्थापन तथा प्रयोग भैसकेका सूइहरूको व्यवस्थापन पनि महत्वपूर्ण छन् । यदि प्रगती खेलहरूलाई रोभिङ्ग अनमीहरूको कार्यमा नराखिने भएमा, अभिमुखीकरण तालिका र विषयवस्तुलाई त्यस अनुरुप तयार गर्नु पर्ने हुन्छ ।

परिवार स्वास्थ्य महाशाखाले रोभिङ्ग अनमीहरूको सेवा वितरण प्याकेजमा परिवार नियोजनको साथै अतिरिक्त स्वास्थ्य सेवाहरू पनि समावेश गर्ने निर्णय गरिसकेपछि, उनीहरूलाई सामुदायिक मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवाहरू र सामाजिक मूल्य मान्यताहरू सम्बन्धी थप पुनर्ताजगी तालीमको आवश्यक्ता हुन गयो । तालीमको अवधिमा गर्भावस्थाको स्याहार सम्बन्धमा स्वास्थ्य संस्थासँग प्रभावकारी समन्वय गर्ने कार्यलाई बढी जोड दिइएको थियो । गर्भ जाँच तालिका अनुसार स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गराउनै पर्ने, तथा त्यस वापत महिलाहरूले केही यातायात खर्च पनि प्राप्त गर्न सक्ने भएकाले रोभिङ्ग अनमीहरूलाई त्यस सम्बन्धी अभिमुखीकरण गरिएको थियो । गर्भावस्थाको जाँच बाहेक, उक्त तालीमको पाठ्यक्रममा गर्भ, नवजात शिशुको स्याहार, पोषण स्थितिको पहिचान र परामर्श, तथा प्रसूतिपश्चातको स्याहार एवं परिवार नियोजनसम्बन्धी परामर्श समेत समावेश थियो । सामाजिक मूल्य मान्यताहरूको सन्दर्भमा, गर्भावस्थामा तथा नवजात शिशु स्याहारमा पुरुषको संलग्नतालाई अभिप्रेरित गर्न पूर्वप्रसूति तथा प्रसूतिपश्चातको परामर्शको समयमा गर्भवतीको श्रीमान लाई समेत सहभागी गराइयो । परियोजनाले लैङ्गिक भूमिका तथा दम्पतीबीचको कुराकानी प्रवर्धन गर्नका र रोभिङ्ग अनमीहरूले परामर्शको समयमा प्रयोग गर्न निर्देशन अंकित चित्रहरू निर्माण गरेको थियो ।
रोभिङ्ग अनमीहरूलाई कम्प्रीहेन्सिभ परिवार नियोजन तथा परामर्शमा तालीम दिई सकेपछि मात्र उनीहरूको सेवा विस्तार गरियो त्यसैले यो तालीम भिन्दै गर्नुपरेको थियो । आगामी दिनहरूमा यी निर्देशन सहित चित्र अंकित कार्डहरुलाई आगामी दिनहरूमा कम्प्रीहेन्सिभ परिवार नियोजन तथा परामर्शमा तालीममा समेटिने छ ।

> घरधुरीको आवश्यकता आकलन सामग्री, तथा सेवाग्राही लगबूक र यसको प्रयोग विधिसहित अतिरिक्त स्रोतसामग्रीहरू यसको निर्देशिकाको अनुसूचीको सन्दर्भ सामग्रीको सूचीमा राखिएको छ ।

## समुदाय लेखाजोखा तथा सेवाग्राहीको लगबूक तयारी

परियोजनाको अध्ययन तथा अनुभवि व्यक्तिहरुसंगको छलफल बाट पहुँच हुन कठिन र स्वास्थ्य सेवाहरू उपभोग गर्न नसकेका वर्गको पहिचान गरियो । त्यसै गरिपरियोजना लागु भएको क्षेत्रमा ती समुदायका व्यक्तिहरुस कहाँ बसोवास गरिहेका छन् भनि पहिचान गर्न सहयोग गर्‍या पहुँच हुन कठिन वर्गका मानिसहरूको घना वस्ती भएको क्षेत्रको पहिचान गर्नका लागि परियोजनाका कर्मचारीहरूले त्यहाँका स्थानीय अगुवाहरू, मुख्य सरोकारवालाहरू, जिल्ला जनस्वास्थ्य र स्वास्थ्य संस्थाका कर्मचारीहरूलाई सहभागी गराई ती वस्ती पहिचान गरियो । ती

सुझावहरूलाई केही स्थान वा घरधुरी भ्रमण गरी रुजु पनि गरियो र उक्त समुदायको अन्तिम सूची तयार पारियो । छनौट भैसकेका पहुँच हुन कठिन वर्गको बसोवास क्षेत्र, उक्त क्षेत्रभित्रको घरधुरीहरू, तथा एक क्षेत्रदेखि अर्को क्षेत्रसम्मको दुरीको आधारमा त्यस क्षेत्रहरूमा खटाइने रोभिङ्ग अनमीहरूको संख्या निर्धारण गरियो । एउटा गाविसभित्र एकजना रोभिङ्ग अनमीले दुईवटा क्षेत्रहरूमा सजिलै काम गर्न सक्दथ्यो भने शहरी क्षेत्रमा (जस्तै बुटवल नगरपालिका) एकजना भन्दा बढी अनमीको आवश्यकता पर्न गयो । परियोजना सुचारु हुँदै जाँदा, ती क्षेत्रहरू (Clusters)लाई पुनः मिलान गरियो र पछि त्यही क्षेत्र रोभिङ्ग अनमीलाई जिम्मा दिइँदा पकड क्षेत्र (catchment areas) भनियो ।

सेवा प्रवाहका लागि आफ्नो कार्यक्षेत्रका घरदैलोमा खटाइनुभन्दा अघि, रोभिङ्ग अनमीहरूले घरधुरीको आवश्यकता पहिचान सहित समुदायमा लेखाजोखा पनि गरे । यस कार्यले उनीहरूलाई आफुले काम गर्ने क्षेत्र र समुदायमा घनिष्टता बढाउनुकासाथै उक्त समुदायमा उनीहरूको विश्वास पनि बढ्न गयो ।

**समुदाय लेखाजोखा**

स्वास्थ्य संस्थाका प्रमुखले समुदायमा परिचय गराइसकेपछि, रोभिङ्ग अनमीहरूले घरधुरी-आवश्यकता पहिचान कार्य गरे जसको लागि उनीहरूले आफ्नो क्षेत्रको सबै घरदैलो भ्रमण गरे । सबैभन्दा बढी परिवार नियोजन तथा स्वास्थ्य सेवाहरूको आवश्यकता पर्ने घरहरू तथा समूहहरूको पहिचान गर्नु यस लेखाजोखाको  प्रमुख उद्देश्य थियो । यसो गर्दा रोभिङ्ग अनमीहरूले उनीहरूले प्रवाह गर्ने सेवाहरूको तथा अन्य गतिविधिहरूको प्राथमिकता वर्गिकरण गर्न मदत पुग्यो । उक्त लेखाजोखा प्रक्रियाले अनमीहरुलाई आफ्नो लक्षित कार्यक्षेत्रमा घनिष्टता बढाउन र घरधुरीमा राम्रो सम्बन्ध राख्नमा मदत सिद्ध भयो ।

रोभिङ्ग अनमीहरूले घरधुरी आवश्यकता पहिचान गर्दा त्यहाँका सेवाग्राहीहरूको विवरण संकलनसामग्रीको प्रयोग गर्दा जातीय समूह, पेशा, सन्तानको संख्या, स्वास्थ्य स्याहारको स्रोत आदिको जानकारीको पनि समावेश भएका थिऐ । उक्त मूल्यांकनमा परिवार नियोजनको प्रयोग तथा प्रयोगमा उत्पन्न अवरोधहरूसम्बन्धी विवरणहरू पनि समेटिएका थिए । अन्त्यमा, उक्त पहिचान गरिने क्रममा प्रवासि श्रीमानहरू को घरधुरी तथा उनीहरू कति समयका लागि प्रवासमा रहन्छन् भन्ने तथ्यहरू पनि पहिचान गर्‍यो । जब परियोजनाले रोभिङ्ग अनमीहरूको सेवा प्रवाह को प्याकेज विस्तार गर्‍यो त्यस पछि मात्र त्यहाँको घरधुरीमा गर्भवतीको संख्या एवं मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य स्याहारको बारेमा पनि आवश्यकता पहिचान गरियो ।

**समाजमा प्रभाव पार्ने समूह तथा व्यक्तिहरुको विधिसम्मत् पहिचान**

यो परियोजनामा परिक्षण नगरिएको भएतापनि, समुदायमा प्रभाव पार्ने व्यक्तिहरु तथा समूहहरुको पहिचान कार्य सामाजिक सञ्जाल नक्सांकनद्वारा सञ्चालन गर्न सकिन्छ ।

महत्वपूर्ण तत्वहरु निम्न छन् :

- स्नोबल पद्धतिद्वारा प्रभाव पार्ने व्यक्तिहरुको पहिचान : विभिन्न मानिसहरुलाई उनीहरुको जीवनमा र समुदायमा प्रभाव जमाउन सफल व्यक्ति कसलाई मान्नुहुन्छ भनी सोध्ने, तथा तिनै प्रश्नहरु प्रेषण गरी आएकाहरुलाई सोध्ने । यसरी केही व्यक्तिको पहिचान हुनसक्छ ।
- लक्षित समूह छलफलद्वारा समुदायका महत्वपूर्ण समूहहरुको पहिचान, उपलब्ध जानकारीहरु समुदायका विभिन्न समूहहरु (महिला, पुरुष, युवा, शिक्षक, आदि) सँगको छलफलको माध्यमबाट मान्य बनाउँन सकिन्छ । प्रचारप्रसारको लागि औपचारिक रुपमा परिचित समूह नै सर्वोत्कृष्ट समूह हुन्छ भन्ने अवधारणाबाट होसियार रहने, यद्धपि तिनीहरु नै पनि हुनसक्छन् ।

समुदायको लेखाजोखाको क्रममा रोभिङ्ग अनमीहरूले उनीहरूको कार्यक्षेत्रका महिला स्वास्थ्य स्वयंसेविकाहरूसँग बैठकहरू सञ्चालन गरे र  समुदायमा प्रभाव पार्ने व्यक्तिहरू तथा समूहहरूको पहिचान गरेर  उनीहरूसंग मिलेर काम गर्न शुरू गरे । ती समूहहरूलाई संलग्न गर्नु नै यस रोभिङ्ग अनमीहरुको कार्यान्वयनको ढाँचाको मुख्य पक्ष थियो जुन प्रारम्भिक अवधिमा गरी अधिकांश लाभ लिन सकिने थियो । यी सहभागितामूलक गतिविधिहरू रोभिङ्ग अनमीहरूको प्रशिक्षण तथा सहयोगात्मक सुपरिवेक्षणको माध्यमबाट पुनः सशक्तिकरण गरियो जसले समुदायमा निरन्तर मिलेर काम गर्नका लागि अभिप्रेरित गरेको थियो ।

## सेवाग्राहीको लगबूक व्यवस्थापन

घरधुरी आवश्यकता पहिचानको अवधिमा संकलन गरिएको प्रत्येक घरधुरीको सूचनाले अनुगमनका लागि प्राथमिकतामा पर्ने घरधुरीहरू पहिचान गर्न मद्दत मिल्यो जुन परिवार नियोजनको अपरिपूर्त माग तथा स्वास्थ्य सेवाहरूमा आधारित थियो । उनीहरूको कार्य क्षेत्रको घरधुरी तथा सेवाग्राहीहरूको विवरण खासगरी उनीहरूको स्वास्थ्य आवश्यकता, प्राप्त गरेका सेवाहरू, अनुगमनसेवाका योजनाहरू आदिको अभिलेख राख्ने सामग्री (टूल) को रुपमा रोभिङ्ग अनमीहरूको लागि लगबूक तयार पारियो । जब नयाँ सेवाग्राहीहरू वा घरधुरीको आवश्यकताहरू जस्तै नयाँ गर्भवतीहरू पहिचान गरे पछि उनिहरुलाई अभिलेख पनि रोभिङ्ग अनमीहरूले आफ्नो लगबूकमा राखे । रोभिङ्ग अनमीहरूले सेवाग्राहीहरूको घरदैलोदेखि स्वास्थ्य संस्था सम्मको स्याहारका अनुगमन गर्न सजिलो होस् भन्ने उद्देश्यले लगबूक तयार गरिएको थियो ।

उक्त लगबूकलाई कार्य योजना बनाउन तथा सामुदायिक गतिविधिहरूको स्थितिको अभिलेख राख्नको लागि पनि प्रयोग गरे । रोभिङ्ग अनमीहरूले उनीहरूले पहिचान गरेको स्वास्थ्य आवश्यकता र प्राथमिकताको आधारमा मासिक कार्ययोजना तयार गर्नको लागि उक्त लगबूकको प्रयोग गरे । साथै, सामुदायिक तथा समूहहरूको गतिविधिहरूको पनि अभिलेख त्यसैमा राखे । रोभिङ्ग अनमीहरूले गरेका गतिविधिहरूको विवरण मासिक रुपमा संकलन गरी स्वास्थ्य संस्थामा र परियोजना अनुगमन प्रणालीमा पेश गरिन्थ्यो । सेवा प्रवाह गरिएका विवरणहरू (खासगरी मातृ, नवजात शिशु र बाल स्वास्थ्य तथा परिवार नियोजन) जिल्लाको दर्ता रजिष्टरको माध्यमबाट स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा समावेश गरिन्थ्यो ।

सबै घरधुरीहरू तथा परिवार नियोजनको अवस्था (प्रयोग कर्ताहरू, प्रयोग नगर्नेहरू वा अपरिपूर्त माग) को सूचीहरू सेवाग्राहीको लगबूकमा अभिलेख राखिन्थ्यो । उक्त सूचीमा पछि विस्तार गरिएका गर्भवती तथा प्रसूतिपश्चातका महिलाहरू, पाँचवर्ष मुनिका बालबालिकाहरू, तथा प्रवासी श्रीमान श्रीमतीहरूको सूची पनि राख्न थालियो । मासिक कार्ययोजना तयार गर्दा रोभिङ्ग अनमीहरूले आफ्ना सबै सूचीहरू अपडेट गर्दथे । यसरी आवश्यकतामा आधारित पहिचान गरिएको सेवाग्राहीको अनुगमनको प्राथमिकता गर्न रोभिङ्ग अनमीहरूलाई  निर्देशन गर्नसेवाग्राही लगबूकको प्रयोग गरिका` थिऐ ।

**रोभिङ्ग अनमीको सेवाग्राही लगबूकका भागहरू**
**रोभिङ्ग अनमीको सेवाग्राही लगबूकमा निम्न विषय समावेश हुन्छ :**

**सेवाग्राहीको अभिलेख**

- मासिक सेवाग्राही अनुगमन तथा समूह गतिविधि योजना (कार्ययोजना)
- समुदायमा प्रभाव पार्ने व्यक्तिहरूसँगको भेटघाट
- घरधुरी लेखाजोखाबाट प्राप्त सेवाग्राहीहरू, परिवार नियोजनको प्रयोग तथा पहुँच हुन कठिन वर्गको अवस्थाको सूची
- गर्भवती महिलाको अभिलेख
- सुत्केरी महिलाको अभिलेख
- पाँचवर्ष मुनिका बालबालिकाहरूको स्वास्थ्य अभिलेख
- कामका लागि विदेशिएका वा प्रवासी घरधुरीको अभिलेख

**दिईएको सेवाहरूको अभिलेख**

- व्यक्तिगत गतिविधि पाना
- समूह गतिविधि पाना
- महिला स्वास्थ्य स्वयंसेविका एवं सहजकर्ताहरूको प्रशिक्षण (कोचिङ्ग)
- समुदायमा प्रभाव पार्ने व्यक्तिहरूसँगको भेटघाट
- रोभिङ्ग अनमीको फिल्ड गतिविधि सूची

## विस्तारित सेवाहरूको कार्यान्वयन

रोभिङ्ग अनमीले घरदैलोमा गई प्रवाह गर्ने सेवाहरूको प्याकेजको बारेमा यस निर्देशिकाको अघिल्लो अध्यायमा विस्तृत जानकारी दिईएको भएतापनि, भविष्यमा कार्यक्रम कार्यान्वयन गर्दा ती सेवाहरू प्रवाह गर्दा कार्यकर्ताहरूले अपनाउनु र ध्यान दिनु पर्ने धरै पक्षहरू छन् ।

**रोभिङ्ग अनमीहरुले दिएको सेवामा थप सेवाहरुलाई बढाई अझ बढि फाइदा पुऱ्याउने र** यसअघि नै चर्चा गरिए जस्तै, रोभिङ्ग अनमीहरूबाट समुदायले परिवार नियोजन बाहेक अरु सेवाहरूको माग गरे । स्वास्थ्य संस्थाको पहुँच विस्तार हुनु तथा समुदायको लागि सेवाहरूको पहुँचमा सहजिकरण गर्नुको अतिरिक्त, ती सेवाहरूको प्रावधानले संवेदनशील मानिने परिवार नियोजनबारे छलफलका लागि प्रवेश विन्दु बन्यो । यी विषयवस्तुहरूमा कुराकानी गर्नका लागि गर्भावस्थाको स्याहार विशेष महत्वको ठाउँ बन्न पुग्यो जहाँ गर्भवतीका श्रीमान तथा अन्य नातोदारहरूले सुत्केरी तथा नवजात शिशुको स्याहारका बारेमा आमा सँगसँगै सिक्ने मौका पाए । समुदायमा रोकथामजन्य सेवा तथा मातृ, नवजात शिशु एवं बाल स्वास्थ्य सेवाहरूले पनि रोभिङ्ग अनमीहरू र सेवाग्राहीहरू बीचको विश्वास अटल राख्न मद्दत गऱ्यो । यसले गर्दा रोभिङ्ग अनमीहरूलाई पहुँच हुन कठिन वर्गको घरघरमा गई प्रजनन् स्वास्थ्य जस्तो संवेदनशील विषय (जुन बाहिरको मान्छेसंग कुरा गर्न लज्जा वा असजको विषय मानिन्छ) मा छलफल गर्न सहज भयो । परियोजनाको अन्त्यसम्ममा, रोभिङ्ग अनमीहरूबाट समुदायले अनुरोध गरेका अधिकतम सेवाहरू परिवार नियोजन तथा गर्भावस्थासँग सम्बन्धित थिए ।

प्रदान गरिएको सेवाको स्थानीयतहबाट प्रशंसा भयो । तर यस्को मुख्य चुनौती सबै समुदायको घरदैलोमा सेवाहरू प्रदान नगरि खाली पहुँच हुन कठिन वर्गका घरधुरीहरूमा यी सेवाहरूको प्रावधान प्राथमिकिकरण र न्यायसँगत गर्नु थियो । उक्त लगबूकहरूको अझ राम्रो प्रयोग गरी वास्तविक आवश्यकता तथा ती आवश्यकताहरू कहिले पूरा भए होलान् भन्ने अवस्थाको अनुगमन गरी यस्ता चुनौतिलाई सहजता प्रदान गर्न सहयोग गऱ्यो ।

> 🕮 पूर्वप्रसूति तथा गर्भावस्थाको चित्र कोडहरु, तिनीहरुको प्रयोग निर्देशनसहित अतिरिक्त स्रोतसामग्रीहरू यसको अनुसूचीको सन्दर्भ सामग्रीको सूचीमा राखिएको छ ।

**बैचारिक छलफल अभिप्रेरित गर्न चित्र कार्डको प्रयोग**

महिलाहरू, उनीहरूको श्रीमान, तथा परिवारका अन्य सदस्यहरूसँग कुराकानी गर्ने अवसर नै घरदैलो सेवा प्रवाह गर्नुको एउटा महत्वपूर्ण तत्व हो । रोभिङ्ग अनमीहरूले यी अवसरहरू प्रजनन् स्वास्थ्य व्यवहारहरूलाई प्रभावित गर्ने लैङ्गिक तथा पारिवारिक भूमिका, तथा सुत्केरी आमाको स्वास्थ्य परिणामहरूको बारेमा छलफल गर्नका लागि प्रयोग गरे । विशेषतः गर्भावस्थाको स्याहार सम्बन्धमा ती छलफलहरूमा उत्साह प्रदान गर्न रोभिङ्ग अनमीहरूले चित्र कार्डहरूको श्रृङ्खला नै प्रयोग गरेका थिए । उनीहरूको हरेक घरदैलोमा पहिचा गरेको आवश्यकक्ता अनुसार ती (एक-दुई वटा) चित्र कार्डहरू प्रयोग गरि त्यसबारे छलफल गराउथे । निमार्ण गरि प्रयोग गरिएका चित्रकार्डका केही नमूना तल देखाइएको छ ।





प्रत्येक चित्रको बारेमा छलफल बढाउनका लागि निम्नलिखित तीनवटा प्रश्नहरू प्रयोग गरिए :

- तपाई यो त चित्रमा के देख्नु हुन्छ ?
- यसमा देखाइएका काम गर्न तपाई सक्नु हुन्छ ? किन सक्नुहुन्छ वा सक्नु हुन्न ?
- यदि तपाई वा तपाईको श्रीमान ले यस्तो काम गरिरहेको समुदायका मानिसहरूले देखे भने के सोच्दछन् होला ?

## समुदायका सरोकारवालाहरूसँगको सम्बन्ध वा निकटता

***पुरुषहरूको संलग्नता***

परिवारमा पुरुषहरू नै मुख्य निर्णयकर्ताका साथै सामाजिक मूल्यमान्यताहरूको पकड हुने समूह भएकाले फ्याक्ट् परियोजनाले पुरुषहरूलाई सम्भव भएसम्म उनीहरूको श्रीमतिहरू, परिवारका सदस्यहरू तथा साथीभाइसँग परिवार नियोजन एवं प्रजनन् स्वास्थ्यको बारेमा कुराकानी गर्नका लागि समावेश गरेको थियो । यस किसिमका छलफलहरू मुख्यतः रोभिङ्ग अनमीहरूले घरदैलोको समयमा तथा समुदाय र समूह गतिविधिहरूमा हुने गर्दथ्यो । परियोजनाले पुरुषहरूलाई संलग्न गराई परिवार नियोजन तथा प्रजनन् स्वास्थ्य व्यवहारसँग सम्बन्धित सामाजिक र लैङ्गिक मूल्यमान्यताहरूलाई प्रभावित  पार्ने उद्देश्य लिएको थियो । यद्धपि नेपालमा कामका लागि पुरुषहरू विदेशीनाले, उनीहरूलाई प्रवासमा नै भेटेर उक्त कार्य सम्पादन गर्ने रणनीति भिन्न गर्नु पर्छ ।

परियोजनाको पुरुष सहभागिता रणनीतिलाई मार्गनिर्देश गर्ने केही मापदण्डहरू :

- पुरुषहरूलाई संलग्न गराउनुको मूल लक्ष्य नै छलफलमा समान सहभागितालाई बढावा दिनु तथा परिवार नियोजनको साधन प्रयोगमा दुबै मिलेर निर्णय गर्ने थियो तर यसको अर्थ महिलाको सहभागिता र आवाजलाई ओझेलमा राख्नु भने थिएन ।
- सामाजिक तथा व्यवहार परिवर्तन गर्न 'प्रतिविम्व तथा कार्य' अवधारणा प्रति एकरुपता प्रदान गर्दै, प्रगती खेलहरूले पुरुषहरूलाई लैङ्गिक एवं सामाजिक मूल्यमान्यताहरू, तथा आफ्ना परिवार, साथीभाइ र समुदायमा प्रजनन् स्वास्थ्यको मामिलामा खोज गर्न र चिन्तनशील हुन अभिप्रेरित गऱ्यो । प्रगती खेलहरू रोभिङ्ग अनमीहरूको स्वास्थ्य  सेवा ढाँचाको अपरिहार्य तत्व नभएतापनि, फ्याक्ट् परियोजनाले प्रगती कार्यान्वयनलाई रोभिङ्ग अनमीहरूको सेवामा समायोजन गर्नुपर्छ भन्ने ध्यय राख्द छ । किनभने यसले उनीहरूलाई समुदाय पुग्न सजिलो बनाउन सक्दथ्यो ।

📖 पुरुषहरुको संलग्नता एवं समुदायमा प्रभाव पार्ने व्यक्तिसँग काम गर्ने निर्देशनसहित अतिरिक्त स्रोतसामग्रीहरू यसको अनुसूचीको सन्दर्भ सामग्रीको सूचीमा राखिएको छ ।

***समुदायमा प्रभाव पार्ने व्यक्तिहरूको संलग्नता***

समुदायमा प्रभाव पार्ने व्यक्तिहरूको प्रमुख भूमिका चाहिँ उनीहरूले प्रभावित पार्न सक्ने समुदायमा नयाँ सोच र व्यवहारहरूको स्वीकार्यतालाई बढावा दिने तथा त्यसको व्यापक प्रचारप्रसार गर्ने थियो । रोभिङ्ग अनमीहरूसँग काम गर्दै जाँदा समुदायमा प्रभाव पार्ने व्यक्तिहरू प्रजनन् स्वास्थ्यको बारेमा सिक्न तथा उदाहरणीय व्यक्ति बन्न उत्साहित भए, साथै सामाजिक मूल्यमान्यताहरू एवं परिवार नियोजनको प्रयोग स्वीकार गर्ने विषयवस्तुमा समुदायमा हुने छलफलहरूमा सहभागी पनि भए । ती व्यक्तिहरूले रोभिङ्ग अनमीहरूलाई उनीहरूको सेवा आवश्यक पर्ने घरधुरी विशेषगरी पहुँच हुन कठिन वर्गहरूको घरधुरी पहिचान गर्न सहयोग प्रदान गरे ।

सामान्यता प्रभाव पार्ने व्यक्तिहरूको औपचारिक संरचनामा कुनै शक्तिशाली पदमा हुनसक्छ भनी थाहा पाउनु महत्वपूण हुन्छ । तर प्रायजसो, अनौपचारिक महत्व भएका व्यक्तित्वहरू पनि बढि प्रभावशाली हुन सक्छन् । ती व्यक्तित्वहरू आफ्ना ओजस्वी व्यक्तित्व, नेतृत्व वा समाजमा कुनै औपचारिक पद धारण विना नै उनीहरूको गहकिलो पहिचानको माध्यमले अरुलाई प्रभावित गर्छन् । परियोजनाले समुदायमा रहेका तिनै अनौपचारिक अगुवाहरूको पहिचान गरी उनीहरूलाई साझेदारको रुपमा प्रजनन् स्वास्थ्यको च्याम्पियनको रुपमा लिएको थियो । परियोजनाले सकारात्मक प्रजनन् स्वास्थ्य व्यवहारको वकालत गर्नका लागि उनीहरूको उत्सुकता बढाउने र क्षमता अभिबृद्धि गर्ने कार्य पनि गरेको थियो । ती अगुवाहरू आफैले समुदायमा आफ्नो भूमिका बढाउनुका साथै रोभिङ्ग अनमीहरूसँगको संलग्नताप्रति पनि समर्पित भए । प्रतिविम्बत छलफलको माध्यमबाट सामाजिक मूल्यमान्यताको परिवर्तनलाई आत्मसात् गर्दै यस परियोजनाले यी अगुवाहरूलाई प्रजनन स्वास्थ्य र परिवार नियोजन सम्बन्धि व्यवहार परिवर्तन गर्नलाई गरिने सकारात्मक गतिविधिहरुमा यी प्रभाव पर्ने व्यक्तिहरुलाई नियुक्ति गरिएको थिएन साथै उनीहरुको तहबाट समुदायको तल्लो तह सम्म प्रजनन स्वास्थ्य तथा परिवार नियोजनको संदेश प्रवाह गर्नको लागि नियुक्त गरेको थिएन ।

***सामुदायिक मञ्चहरू***

तालीम प्राप्त व्यवसायिकको रुपमा आफ्नो विश्वसनीयता उपयोग गर्दै समुदायमा एउटा नेतृत्वकर्ताको भूमिकासहित रोभिङ्ग अनमीहरूले प्रतिविम्ब तथा सामाजिक परिवर्तनका लागि उत्प्रेरकको भुमिका गरे । पूर्वप्रसूति वा गर्भावस्थासम्बन्धी सामग्रीहरू तथा चित्र कार्डहरू, र प्रगती सामग्रीहरू ले उनीहरूको कार्यको सामाजिक एवं लैङ्गिक मूल्यमान्यताका तत्वहरूको सुधारमा सघाउ पुग्यो । सरोकारवालाहरू, सेवा प्रदायकहरू, सेवाग्राहीहरू एवं समुदायसम्म पुग्नु रोभिङ्ग अनमीहरूको प्रजनन् स्वास्थ्यको ज्ञान, सेवाहरूको प्रावधान तथा सामाजिक र लैङ्गिक मूल्यमान्यताहरूको छलफल गर्ने उनीहरूको क्षमतामा निर्भर थियो ।

प्रभावकारी सुपरिवेक्षका लागि रोभिङ्ग अनमीहरूको सुपरिवेक्षण चेकलिष्ट तथा निर्देशनसहित अतिरिक्त स्रोतसामग्रीहरू यसको अनुसूचीको सन्दर्भ सामग्रीको सटिक सूचीमा राखिएको छ ।

यस निर्देशिकामा यस अघि नै व्याख्या गरिए जस्तै, रोभिङ्ग अनमीहरूले समुदायमा अन्य सरोकारवालाहरू जसले विभिन्न प्रकारका स्वास्थ्य गतिविधिहरु तथा क्रियाकलापहरु संचालनमा गरि आएका छन् जस्तै महिला स्वास्थ्य स्वयंसेविकाहरू लाई सञ्चालनमा सहयोग तथा संयोजन गर्ने जिम्मेवारी लिएका थिए । महिला स्वास्थ्य स्वयंसेविकाहरूले परिवार नियोजन र स्वास्थ्य आवश्यकता पर्ने सेवाग्राहीहरूलाई रोभिङ्ग अनमीहरूसमक्ष प्रेषण गर्दथे भने रोभिङ्ग अनमीहरूले पनि प्रायजसो प्रगती खेलका सत्रहरू र अन्य स्वास्थ्य शिक्षाका सत्रहरूमा महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई सहयोग गर्दथे । यसका अतिरिक्त, स्थानीय स्वास्थ्य संस्थाले गाउँघर क्लिनिक सञ्चालन गर्दा औपचारिक स्वास्थ्य प्रणाली र रोभिङ्ग अनमीहरूबीचको सम्बन्ध अझ प्रगाढ बनाउने अवसर प्रदान गर्दथ्यो । समुदायका अन्य सरोकारवालाहरू तथा अगुवाहरूलाई परिचालन गर्न रोभिङ्ग अनमीहरू अन्य औपचारिक एवं अनौपचारिक समूहहरू जस्तै किशोरकिशोरी र पुरुषहरूसँग पनि मिलेर काम गर्दथे अन्यथा ती समूहसम्म पुग्न विद्यमान सामुदायिक मञ्च वा संरचनाबाट सम्भव नै हुने थिएन ।

## स्वास्थ्य संस्थाहरूसँगको सम्बन्ध तथा प्रतिवेदन पेश

रोभिङ्ग अनमीहरूको नियुक्ति तथा सुपरिवेक्षण गर्ने कार्य आफ्नो क्षेत्र भित्र पर्ने जिल्ला जनस्वास्थ्य कार्यालयको प्रणालीद्वारा गरियो । यद्धपि ती रोभिङ्ग अनमीहरूको तलबभत्ता आदि फ्याक्ट् परियोजनाले नै बेहोर्ने गर्दथ्यो । रोभिङ्ग अनमीहरूको पदलाई सरकारी स्वास्थ्य प्रणालीमा समायोजन गरि दिगो निरन्तरता दिने साथै समुदायमा दिइने सेवा र स्वास्थ्य संस्थान बाट दिइने सेवालाई अझ मजबूत बनाउन मदत पुर्‍याउछ ।

परियोजनाको एउटा राम्रो पक्ष भनेको विवरण संकलन एवं प्रतिवेदन पेश गर्नु थियो किनभने जिल्ला जनस्वास्थ्य कार्यालयले रोभिङ्ग अनमीहरूले दिएको सेवाहरूको विवरण अनुगमन प्रणालीमा समायोजन भए-नभएको सुनिश्चित गर्न चाहन्थ्यो । रोभिङ्ग अनमीहरूले आफुले गरेका सबै गतिविधिहरूको प्रतिवेदन स्थानीय स्वास्थ्य संस्थामा गई स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) अनुसार गर्दथे । तिनीहरूले सेवाग्राहीहरूलाई प्रसूतिका लागि वा संस्थामा उपलब्ध गराईने परिवार नियोजनको साधन (लामो समय काम गर्ने अस्थायी साधन तथा स्थायी बन्ध्याकरण)का लागि स्वास्थ्य संस्थामा प्रेषण गर्दथे । रोभिङ्ग अनमीहरू महिनामा कम्तीमा दुई पटक सेवाग्राही लगबूकमा भएको विवरणहरू बुझाउन तथा स्वास्थ्य संस्थाको प्रमुखलाई भेट्नका लागि आफनो क्षेत्रको स्वास्थ्य संस्था जानुपर्थ्यो । उनीहरू स्वास्थ्य संस्थाले आयोजना गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरूको मासिक वैठकमा पनि सहभागी हुन्थे । त्यसैगरी, विभिन्न प्रकारले स्वास्थ्य संस्था प्रमुखले रोभिङ्ग अनमीहरूको लगबूक र कार्ययोजनाहरूको पनि अनुगमन गर्दथे ।

सुपरिवेक्षण र प्रतिवेदन बुझ्नुको अतिरिक्त, ती स्वास्थ्य संस्थाहरूले रोभिङ्ग अनमीहरूको औषधि तथा परिवार नियोजनका साधनहरूको आपुर्तिको लागि एउटा अभिन्न अंगको रुपमा कार्य गर्दथे । यसमा परिवार नियोजनका साधनबाहेक आधारभूत प्राथमिक उपचार औषधितथा गर्भावस्थाको स्याहार सामग्री पनि पर्दछन् । ती सामग्रीहरूको आपुर्ति मासिक रुपमा अनुगमन गरिन्थ्यो ।

शुरुशुरुमा यो चुनौतीपूर्ण भएतापनि, स्वास्थ्य संस्थाका कर्मचारी तथा रोभिङ्ग अनमी दुबैले कसरी एकअर्काको गतिविधिले समुदायलाई फाइदा पुग्न सक्दोरहेछ भन्ने बुझे । यद्धपि, स्वास्थ्य संस्था र रोभिङ्ग अनमीबीचको पारस्परिक सम्बन्ध वा कार्य प्रशंसाको तह भने बेग्लाबेग्लै थियो । रोभिङ्ग अनमीहरू सेभ द चिल्ड्रेनका अथवा जिल्ला जनस्वास्थ्य मातहतका कर्मचारी हुन्

भन्ने द्विविधाको विषय परियोजनाले सामना गरेको एउटा चुनौती थियो ।  यस्को कारण  जहिले पनि रोभिङ्ग अनमीहरूबाट स्वास्थ्य संस्थामा जानकारी हुन्थ्यो तर स्वास्थ्य संस्थाबाट रोभिङ्ग अनमीतर्फ कहिले पनि कुनै जानकारी आएन । ती रोभिङ्ग अनमीहरू स्वास्थ्य संस्था प्रणालीको एउटा अंग हुन् तर तिनीहरू उक्त संस्थामा बसी सेवा दिनका लागि अतिरिक्त मानव संसाधन होइनन् भन्ने तथ्य स्पयष्ट हुनु  पर्छ ।

# रुपान्तरण तथा सिकाइ

यस अघि भनेको जस्तै रोभिङ्ग अनमी कार्यान्वयन एउटा परीक्षण कार्यान्वयन थियो जसमा धेरै विषयवस्तु परियोजना कार्यान्वयनको अवधिमा समायोजन गरिएका थिए । तीमध्येको सबैभन्दा महत्वपूर्ण चाँहि रोभिङ्ग अनमीहरूले प्रवाह गर्ने स्वास्थ्य सेवाहरूको विस्तार नै थियो, र यस विषयलाई माथि दिइएको सेवाको वितरण अध्यायमा नै सम्बोधन गरिसकिएको छ ।

अन्य समावेश गरिएका विषयवस्तुहरू :

- क्लाईन्ट व्यवस्थापनको रुपमा रोभिङ्ग अनमीहरूको सेवाग्राही लगबूकको सुदृढिकरण वा कार्यान्वयन
- घरदैलो मै पुगी आवश्यकताहरूको सम्बोधन
- शहरी क्षेत्रमा त्यहाँको स्थिति अनुरुप सेवा दिने
- रोभिङ्ग अनमीको भूमिका अद्वितीय र अमूल्य भएको मान्यता

## सेवाग्राहीहरुको चापको तथा भारको  व्यवस्थापन

परियोजनाको अवधिमा रोभिङ्ग अनमीहरू उनीहरूको भूमिका र प्राथमिकतालाई लिएर परिचित भएसँगै, सेवाग्राहीको लगबूकको महत्वको बारेमा पनि अझ बुझ्दै गए । यो एउटा यस्तो सामग्री थियो जसले उनीहरूको कार्यहरूको प्राथमिकीरण र व्यवस्थित गर्न सहयोग पुऱ्यायो । सेवाग्राहीको भार व्यवस्थापनको अवधारणा नयाँ थिए र स्रोत र प्राथमिकतालाई बेवास्ता नगरी जथाभावी सेवा प्रवाह नगरुन् भनी सेवा सुदृढीकरण गर्नु आवश्यक थियो । लगबूकमा दैनिक अभिलेख राख्ने कार्यले उनीहरको कार्ययोजनामा जोड दिइयो । रोभिङ्ग अनमीहरूको गतिविधिहरूको समीक्षा गर्न, उनीहरूको सेवाहरू तथा गतिविधिहरू लगबूकमा कसरी प्रतिविम्वित भैरहेका छन् तथा परियोजना अनुगमन प्रणालीमा उनीहरूको लगबूकको विवरण संकलन गर्नको लागि मासिक क्लस्टर बैठकहरू बस्ने गर्थ्यो ।

## घरदैलो मै आवश्यकता वा मागहरूको सम्बोधन

यस अघि नै व्याख्या गरिए जस्तै, प्रजनन् स्वास्थ्यको अवरोधलाई प्रभाव पार्ने सामाजिक मूल्यमान्यताहरूलाई सम्बोधन गर्ने रोभिङ्ग अनमीको एउटा रणनीति चाहिँ समुदायमा वा घरमा प्रगती खेलहरू खेलाइएको थियो । यसबाहेक, गर्भावस्था (पूर्वप्रसूति) स्याहारको समयमा प्रयोग गरिने चित्र कोर्डहरूको सेट घरदैलो तहमा लैङ्गिक भूमिकाको बारेमा छलफल गर्न शुरु गर्ने मुख्य कडी थियो । रोभिङ्ग अनमीहरूले निश्चित दिन विधि माला चक्रको परामर्शले पनि समुदायमा प्रजनन तथा परिवार नियोजनको सम्बन्धमा वैकल्पिक तरिकाहरू सोच्नका लागि एउटा माध्यमको काम गर्यो । सेवाग्राही महिलासँग प्रतिविम्वित छलफलको क्रममा उनको श्रीमान तथा परिवारका अन्य सदस्यहरूलाई सहभागी गराउँनुको अतिरिक्त, घरदैलो भ्रमणले रोभिङ्ग अनमीहरूलाई महिलासँग व्यक्तिगत तथा आदरपर्ण स्याहार प्रदान गर्नका लागि एउटा अवसर पनि थियो जुन ती महिलाहरूलाई स्वास्थ्य संस्थामा शायद प्राप्त हुन सक्दैन थियो । रोभिङ्ग अनमीहरूले यो पनि थाहा पाए कि घरदैलोमा सेवाहरू प्रवाह गर्दा गोपनियता र एकान्तताको आवश्यकता पनि सम्बोधन भयो जुन कुरा सार्वजनिक संस्थाहरूमा सेवा लिन जाँदा पाईदैन थियो । यो कुरा केही हदसम्म किन पनि सत्य थियो भने रोभिङ्ग अनमीहरू त्यहीका बासिन्दा थिएनन् जहाँ उनीहरू काम गर्दथे र सेवाग्राहीहरू आफुले गरेका कुराकानी त्यहाँका महिला स्वास्थ्य स्वयंसेविकाहरू (जसले सेवाग्राहीलाई र उनको परिवारलाई समेत चिन्दथे) को तुलनामा ती रोभिङ्ग अनमीहरूले गोप्य राख्छन् भन्नेमा विश्वस्त पनि थिए ।

## शहरी रणनीति समायोजन

प्रारम्भिक चरणमा नै पहुँच हुन कठिन वर्गको पहिचानको आधारमा, तीनजना रोभिङ्ग अनमीहरूलाई दुई वटा नगरपालिकाको विशेषगरी गरीब बस्तीमा काम गर्ने जिम्मा दिइयो । शहरी सन्दर्भमा, रोभिङ्ग अनमीहरूले त्यहाँका मानिसहरूसम्म पुग्नका लागि आफ्नो रणनीतिमा सृजनात्मक एवं लचिलो हुनुपर्ने महशुस गरे ।  किनभने त्यहाँका बासिन्दाहरू थोरै समय घरमा विताउँथे र अधिकांश मानिसहरू दैनिक ज्यालादारीमा काम गर्न घरबाहिर जान्थे । यसले गर्दा उनीहरूलाई घरदैलोमा तथा सामुहिक

गतिविधिमा समेत परिचालन गर्न अप्ठ्यारो भयो । घरदैलोको विकल्पको रुपमा, रोभिङ्ग अनमीहरूले ती मानिसहरूलाई कार्यस्थल जस्तै नदीको बालुका निकाल्ने स्थान, ईटा कारखाना आदिमा नै भेट्न गए । यसको विपरित, हिउँदको समयमा प्रायजसो मानिसहरू घरमै हुन्थे र त्यस्तो समयमा भौगोलिक रुपमा पनि चाँडो घरदैलो भेटघाट हुनसक्थ्यो किन कि सबै घरहरू एकै ठाउँमा झुरुप्प हुन्थे । दुबै परिस्थितिमा मानिसहरूको सहायताले सेवाग्राहीको संख्या अति नै बढी हुन्थ्यो ।

### रोभिङ्ग अनमीहरूको कार्यका लागि उनीहरूको प्रशंसा

परियोजनाको अवधिमा, रोभिङ्ग अनमीहरू उनीहरूले निर्वाह गरेको भूमिकाको फराकिलो र स्वतन्त्र रुपमा वा खुलेरै प्रशंसा गर्न पुगे । उनीहरूले सैद्धान्तिक र प्रयोगात्मक ज्ञानको मिश्रण, तथा लगबूकको व्यवस्थापनबाट पद्धतिमा काम गर्ने शैलीको सिकाइको प्रशंसा गरे । उनीहरूले विभिन्न सामाजिक र साँस्कृतिक वातावरणमा घुलमिल हुने अवसरको प्रशंसा गर्नुका साथै घरदैलोमा एउटी महिलासँगको काम गराइदेखि समुदायका अगुवाहरू एवं स्वास्थ्य संस्थाका कर्मचारीहरूसम्म विभिन्न तहमा काम गर्न पाएको अवसरको पनि प्रशंसा गरे । रोभिङ्ग अनमीहरूको प्रशंसाले कृतज्ञता जाहेर गरे जहाँ परियोजनाले उनीहरूलाई थपिदिएको भूमिकाको र  जिम्मेवारी तथा पहुँच विस्तार गर्न प्रोत्साहित गरेको थियो ।

## मूल्यांकन परिणामहरू

यस परियोजना कार्यान्वयनको अन्तिम मूल्यांकन परिणामहरू लेखिसकिएका छन् र तिनीहरूलाई विभिन्न प्रतिवेदनहरूमा प्रस्तुत गरिएका छन् । यद्धपि नियमित अनुगमनको विवरणले के देखाउँछ भने रोभिङ्ग अनमीहरू निम्न कार्यमा सफल भए :

- पहुँच हुन कठिन वर्गको पहिचान गर्न, लक्षित गर्न, तथा उनीहरूको घरदैलोमा पुग्न, अन्यथा तिनीहरू स्वास्थ्य सेवाको पहूँच बाट टाढा रहन्थे ।
- निश्चित दिन विधिसहित विभिन्न किसिमका  परिवार नियोजन सेवाहरूको वितरण । घरदैलोमा नै डिपो सूईको प्रदान अति महत्वपूर्ण भयो र साँस्कृतिक अवरोध झेलिरहेका र स्वास्थ्य संस्थामा सेवा लिन जान नसक्ने महिलाहरू त्यसको प्रशंसा गरे ।
- परिवार नियोजन तथा मातृ एवं नवजात शिशु र बाल स्याहार जस्ता विषयवस्तुको कुराकानीमा महिलाका श्रीमान हरू तथा परिवारका सदस्यहरूको सहभागिता
- उनीहरूको पहुँच तथा प्रभाव अभिबृद्धि गर्नका लागि संयुक्त रुपमा घरदैलो र सामुदायिक गतिविधिहरू सञ्चालन
- समुदायमा स्वास्थ्य गतिविधिहरू प्रवर्धन गर्नका लागि महिला स्वास्थ्य स्वयंसेविकाहरू तथा स्वास्थ्य संस्थाका कर्मचारीहरूसँगको सहकार्य ।

## निष्कर्ष तथा सुझावहरू

फ्याक्ट परियोजनमा रोभिङ्ग अनमीहरूको कार्यान्वयन पहुँच हुन कठिन वर्गको तथा स्वास्थ्य सेवाको पहुँच नभएका ती व्यक्तिहरूको घरदैलोमा परिवार नियोजन एवं मातृ तथा नवजात शिशु र बाल स्वास्थ्यका सेवाहरू लिएर पुग्न सफल भयो । यो कार्य विभिन्न कृयाकलापहरू द्वारा गरियो जस्तै –पहुँच हुन कठिन वर्गको घरधुरीलाई प्राथमिकतामा राखेर उनीहरूको घरदैलो भ्रमण गरी सामाजिक मूल्यमान्यताहरू तथा प्रजनन् स्वास्थ्यको बारेमा संवाद विस्तार गरेर र समुदायमा प्रभाव पार्ने व्यक्ति तथा समूहहरू परिचालन गरी समुदायमा गतिविधिहरू सञ्चालन गरेर सम्पन्न भयो । यद्धपि चुनौतीहरू र रिक्तताहरू अझै कायमै छन् जसका लागि अझ बढी अध्ययन गर्न र सिक्न  जरुरी छ ।

## सेवाग्राही भार व्यवस्थापन

सेवाग्राही भार व्यवस्थापन गर्न पहुँच हुन कठिन वर्गको घरधुरीहरूको पहिचान, प्राथमिकिकरण, तथा सेवा कायम गर्नको लागि समान मापदण्डहरूको छनौट तथा त्यसको अनुगमन चुनौतीपूर्ण थियो । रोभिङ्ग अनमीहरूको सेवाग्राही भार १५० देखि ४४० घरधुरीसम्मको थियो जसमा धेरै भार शहरी क्षेत्रमा थियो । यी सेवाग्राही भारभित्र अधिकांश रोभिङ्ग अनमीहरूले महिनामा करिब १५० घरधुरीहरू भ्रमण गर्दथे । जहाँ भ्रमण संख्या अधिक हुन्थ्यो उनीहरूले समूह भ्रमण गर्दथे विशेषतः शहरी गरिबी क्षेत्रहरूमा । सामान्यतया रोभिङ्ग अनमीहरूलाई उनीहरूको सेवाग्राही भारभित्र केही यस्ता घरधुरीहरू पनि थिए जसलाई उनीहरूको सेवाको आवश्यकता नै थिएन भन्ने कुरा थाहा हुन्थ्यो । सेवाग्राही  र घरधुरीहरूको उपयुक्त भार सुनिश्चित गर्न र घरदैलो र सामुदायिक गतिविधिहरूलाई सन्तुलित पार्न बढी कामको आवश्यकता पर्दछ । रोभिङ्ग अनमीहरूको सेवाग्रहिहरुको अवश्यक्ता अनुसार वा अवश्यक नपर्ने घरधुरीहरु छाडी सेवा दिने पद्धति आवश्यक हुन्छ

**रोभिङ्ग अनमीहरू र स्थानीय स्वास्थ्य संस्थाहरूबीचको सम्बन्ध र सहकार्यको विस्तार**

माथि नै कार्यान्वयन अध्यायमा पहिचान गरिए जस्तै, सेभ द चिल्ड्रेन, स्वास्थ्य मन्त्रालय/स्वास्थ्य संस्थाहरू, तथा रोभिङ्ग अनमीहरूको भिन्न भिन्न भूमिकाहरू समस्यामूलक थिए । यदि स्वास्थ्य मन्त्रालय र रोभिङ्ग अनमीको बीचमा गैरसरकारी संस्था नआउने हो भने यी समस्याहरू आफै समाधान भएर जान्छन् । यद्धपि, नेपालमा रोभिङ्ग अनमी कार्यान्वयनको विस्तार गर्ने रणनीतिमा बाह्य सहयोगको निरन्तरता भएमा  कार्ययोजना निर्माण तथा प्रतिवेदन पेश, दुईपक्षीय जानकारी आदान प्रदान, तथा पारस्परिक जिम्मेवारीको अनुभूतिका लागि ध्यान दिनु जरुरी छ, र यस्का लागि सामुहिक प्रयासको समेत आवश्यकता पर्नेछ । रोभिङ्ग अनमीलाइ दीर्घकालीन सहयोग गर्नका लागि स्वास्थ्य संस्था अपरिहार्य छ, तथा रोभिङ्ग अनमीको भूमिका अभिबृद्धि गर्न र विस्तार गर्न ेस्वास्थ्य कर्मचारीहरूले स्वामित्व लिनुपर्ने अवधारणाको विकास गरिनुपर्छ ।

गर्भावस्थाको र सुत्केरी पछिको अवस्थाको स्याहारमा महिलाका श्रीमानहरूको संलग्नता समायोजन गर्नुस्वास्थ्य संस्थाको अर्को तत्व हो । यदि रोभिङ्ग अनमीहरूले पुरुषहरूलाई गर्भावस्थामा र प्रसूति पश्चातको अवधिमा उनीहरूका आफ्ना श्रीमती तथा बच्चाहरूको स्याहारमा अझ बढी संलग्न हुन प्रोत्साहित गरिरहन्छन् भने स्वास्थ्य संस्थाले पनि गर्भवती जाँचको बेलामा र प्रसूति कक्षमा उनीहरूका श्रीमान लाई उस्थिति गर्नका लागि सहज हुन्छ । यदि परिवार नियोजन सेवा तथा गर्भावस्थाको स्याहारमा पुरुष सहभागितालाई प्राथमिकतामा राखिन्छ भने दीर्घकालिन रणनीतिको आवश्यकतालाई अझ बढी आत्मसात् गर्नुपर्छ ।

## शहरी सेवा रणनीति

नगरपालिका केन्द्रित रोभिङ्ग अनमीहरूले अत्यावश्यक स्वाथ्य सेवा प्रदान गर्न प्रभावकारी तरिकाले दम्पतीहरू तथा घरदैलोसम्म पुग्ने र उनीहरूलाई सहभागी गराउनका लागि सृजनात्मक रुपमा विभिन्न विकल्पहरू पत्ता लगाई  सेवा शहरी क्षेत्रमा दिए तनपनि यस सम्बन्धमा अझ धेरै कुरा सिक्नुपर्ने हुन्छ । यस प्रकारको सिकाइले रोभिङ्ग अनमी र उनीहरूसँग सम्बन्धित स्वास्थ्य संस्थाबीचको संयुक्त समस्या समाधानले दुबै पक्षलाई फाइदा पुऱ्याउने छ किनभने नगरपालिकाहरूमा रहेको स्वास्थ्य प्रणाली संरचना ग्रामिण क्षेत्रको भन्दा भिन्न हुन्छ ।

## रोभिङ्ग अनमी सेवाहरूको मूल्य लाभ विश्लेषण

घरदैलो तहमा प्रवाहित सेवाहरूको मूल्य वा लागत लाभको विशलेषण यस परियोजनाले दिँदैन । अधिकारजन्य अवधारणा भएकाले स्वास्थ्य मन्त्रालयको नीतिसँग ऐक्यमत गर्दै यो कार्यक्रम पहुँच हुन कठिन वर्गसम्म पुग्नका लागि एउटा प्रभावकारी ढाँचा कार्यान्वयन सावित भएको छ ।  यती हुँदा हुँदै पनि रोभिङ अनमीहरुको सेवा कती अवधी सम्म त्यस पहुंच हुन कठिन समुह सम्म अवश्यक पर्ला र कुन समय पछी ती समुहहरुले स्वास्थ्य संस्थाम सेवा लिन जाने स्थिती आउला भन्ने प्रश्टता दिना यस परियोजनले दिन पाएको छैन ।

# अनुसूची : रोभिङ्ग अनमी कार्यान्वयन निर्देशिकाको लागि सन्धर्भ सामाग्रीको सूची

निम्नलिखित स्रोतसामग्रीहरू तलको लिंकमा प्राप्त गर्न सकिन्छ :
**lrh.org/roving-auxiliary-nurse-midwives**

तल उल्लेखित सामग्रीहरू रुपन्देहीमा लागू गरिएको परीक्षण कायक्रमको समयमा प्रयोग गरिएको थियो । ती सामग्रीहरूमा रोभिङ्ग अनमी कार्यान्वयनको योजना बनाउन, कार्यान्वयन निर्देशिका तथा प्रवर्धनमा सहयोगका लागि चाहिने बस्तुहरू पनि समावेश गरिएको छ ।

***पूर्व-कार्यान्वयन योजना***

- रोभिङ्ग अनमीको कार्य विवरण
- सुपरिवेक्षण चेकलिष्ट
- प्रभावकारी सुपरिवेक्षण निर्देशिका

***तालीम***

- प्रारम्भिक रोभिङ्ग अनमी अभिमुखीकरण
- कम्प्रीहेन्सिभ परिवार नियोजन ९कोफ० तथा परामर्श तालीम रोभिङ्ग अनमी पुनर्ताजगी अभिमुखीकरण (मातृ र नवजात शिशु तथा सामाजिक मूल्यमान्यताका अध्यायहरू समावेश गरिएको)

***रोभिङ्ग अनमीको सेवाग्राही-भार निर्धारण***

- घरधुरी लेखाजोखा सामग्री (टूल)
- घरधुरी लेखाजोखा बाट प्राप्त विवरणहरू (तथ्यांक)को प्रयोग
- रोभिङ्ग अनमीको सेवाग्राही लगबूकको तयारी तथा प्रयोग
- रोभिङ्ग अनमीको सेवाग्राही लगबूक

***मार्गनिर्देश, अभिलेखीकरण तथा अन्य सामग्रीहरू***

- पुरुषहरूको संलग्नता
- चित्र कार्डहरू तथा घर दैलो गर्भवती भेटका यी चित्र कार्डहरुको प्रयोग
- समुदायमा प्रभाव पार्ने व्यक्तिहरूको संलग्नता
- सामुदायिक मातृ तथा नवजात शिशु स्वास्थ्य सेवाहरूसम्बन्धी निर्देशिका

***रोभिङ्ग अनमी कार्यान्वयन परिणाम तथा प्रवर्धनात्मक सामग्री***

- रोभिङ्ग अनमी अनुसन्धान संक्षेप
- निश्चित दिन विधि माला चक्र अनुसन्धान संक्षेप
- रोभिङ्ग अनमीको सेवा इन्फोग्राफिक (यसअघि लक्षित समुदायमा देखाइएको थियो)